जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ६१ • २०७९ साल साउन ४ गते बुधवार (20 July, Wednesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# जानकी मेडिकल कलेजले अस्पताल बेचे

**टुडे समाचारदाता**

जनकपुरधाम । भारी ऋणभारमा डुबेको जानकी मेडिकल कलेजले गोप्य रुपमा सम्पत्ति बेच्न थालेकोछ । कलेजको स्वामित्वमा रहेको जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ९ ब्रम्हपुरीस्थित सिटी अस्पताल बिक्रि गरेको बताइएको छ।

जानकी मेडिकल कलेजको सो अस्पताल कृष्णा मेडिकल इन्स्ट्च्युटले खरिद गरेको दाबी गरेको छ । कलेजको पूर्ण स्वामित्वमा रहेको सो अस्पतालमा केही बिरामीहरु आउने गरेका थिए।

सरकारले स्टाफ नर्स, बीएस्सी नर्सिंग, बीएन लगायतका स्वास्थ्य सम्बन्धी प्राविधिक शिक्षाका लागि कम्तीमा सय शैय् याको अस्पताल हुनुपर्ने अनिवार्य प्रावधान गरेपछि कृष्णा मेडिकल इन्स्टिच्यूटले सो अस्पताल खरिद गरेको बताइएको छ।

कृष्णा मेडिकल इन्स्ट्च्युटका सञ्चालक रामपृत यादवले अस्पताल पास गराएको जनाएका छन् । केही महिना पूर्व नै यादवले अस्पताल खरिदको प्रक्रिया थालेका थिए । त्यो आधारमा कृष्णा मेडिकल अस्पतालको स्वीकृत समेत मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयले दिएको थियो । तर पछि आवश्यक कागजातहरु नमिलेको जनाउँदै त्यसको स्वीकृति रद्द गरिएको थियो । हाल अस्पताल खरिदगरी पास समेत गराइसकिएको बताइएको छ । मेडिकल कलेजले व्यवस्थित रुपमा नियमित अस्पताल सञ्चालन गर्न सकेको थिएन्। भौतिक सम्पत्ति र मेडिकल कलेज इजाजत समेतको मूल्यांकन भन्दा कयौं करोड अत्यधिक ऋण भारमा थिचिएको जानकी मेडिकल कलेजका सञ्चालक ओपी पाण्डेले सम्पत्ति बेच्न थालेका छन्। कलेजमा प्रभु बैंकले गरेको ऋण असुलीका लागि जानकी मेडिकलको रमदैया स्थित अस्पतालमा असुली काउण्टर नै राखेको छ । अस्पतालमा हुने दैनिक आम्दानी बैंकले साँझ बुझ्ने गरेको छ।

*भौतिक सम्पत्ति र मेडिकल कलेज इजाजत समेतको मूल्यांकन भन्दा कयौं करोड अत्यधिक ऋण भारमा थिचिएको जानकी मेडिकल कलेजका सञ्चालक ओपी पाण्डेले सम्पत्ति बेच्न थालेका छन् । कलेजमा प्रभु बैंकले गरेको ऋण असुलीका लागि जानकी मेडिकलको रमदैया स्थित अस्पतालमा असुली काउण्टर नै राखेको छ । अस्पतालमा हुने दैनिक आम्दानी बैंकले साँझ बुझ्ने गरेको छ।*

कलेजमा अध्ययन अध्यापनको अवस्था अत्यन्त कमजोर रहेको र मेडिकल काउन्सिलले कयौं पटक भर्नाको कोटा नै नदिने कारणले विद्यार्थीको निरन्तरता रहेको छैन्।

सञ्चालक पाण्डेले ऋण थप्ने क्रमलाई रोकेका छैनन् । तर कलेजमा हुने आम्दानी अन्यत्र लग्ने गरेको बताइन्छ। प्रारम्भमा नै भारतीय विद्यार्थीहरुलाई ल्याएर मोटो रकम असुलगरी कलेजका सञ्चालकहरुले रकम बाँडेर लगेका थिए।

कलेजमा निरीक्षण हुँदा भाडाका बिरामी र चिकित्सकहरु राख्ने गरिएको छ । भाडाका रोगीलाई एक बोतल स्लाइन पानी, एक छाक भोजन र एक दिनको मजदूरी ७ सय रुपैया दिने गरिएको बताइन्छ। कलेजलाई सञ्चालन गर्न असफल भएका पाण्डेले कयौं पटक बेचबिखन समेत गरेका छन् । अझै पनि कर्मचारीहरुको कयौं महिनाको तलब, सुविधाहरु बाँकी रहेको छ।

कलेजले बक्यौता नतिर्न, विद्यार्थी र अभिभावकहरुलाई भुक्याउन कहिलेकाही स्वास्थ्य शिविर समेत सञ्चालन गरेको प्रचारबाजी गर्न थालेका छन् । कलेजले सिटी अस्पताल बिक्रि गर्नु भनेको सर्वाधिक महत्वपूर्ण र महँगो सम्पत्ति बिक्रि गरेको छ।

हुनत अस्पताल नामका लागि मात्र सञ्चालनमा रहेको थियो। तर कलेजका लागि बहुत महत्वपूर्ण रहेको चिकित्सकहरु बताउँछन् । जानकी मेडिकल कलेजमा अध्ययन गरेको चिकित्सकहरुले बोर्डमा त्यो डिग्री लेख्न समेत चाहँदैनन्।

प्रयोगात्मक परीक्षा बिना नै चोरीको भरमा विद्यार्थीलाई कलेज सञ्चालकले नै उतीर्ण गराउने गरेका कारण भारतबाट महँगो शूल्य तिरेर विद्यार्थीहरु चिकित्सा शास्त्र अध्ययन गर्न जानकी मेडिकल कलेजमा आउने गरेका थिए।

# कांग्रेससँगको गठबन्धन निरन्तर

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले सत्ता गठबन्धनलाई आगामी प्रतिनिधि र प्रदेश सभाको चुनावमा निरन्तरता दिने निर्णय गरेको २४ घण्टा नबित्दै सत्तासाझेदार वामपन्थी घटकहरुले पनि गठबन्धन कायमै राख्ने निर्णय गरेका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेता नारायणकाजी श्रेष्ठ, नेकपा एकीकृत समाजवादी (एस) का अध्यक्ष माधवकुमार नेपाल र नेता झलनाथ खनाल तथा नेकपा एकता राष्ट्रिय अभियानका संयोजक बामदेव गौतमबीच माओवादी संसदीय दलको कार्यालय सिंहदरबारमा मंगलवार चुनावी गठबन्धनको विषयमा छलफल भएको हो । नेताहरुबीच चुनावी गठबन्धनबारे नेपाली कांग्रेस र एमालेले गरेका निर्णयबारे छलफल भएको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनाए । उनीहरु तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सचिवालय सदस्य हुन् । पाँच नेताहरुबीच पार्टी एकताबारे पनि छलफल भएको बताइएको छ।

'यो गठबन्धन कायमै राखेर जानुपर्छ' प्रचण्डले भने, कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर कुराकानी भइरहेको छ।

माओवादी केन्द्र, एकीकृत समाजवादी र नेकपा एकता राष्ट्रिय अभियानबीच भने पार्टी एकताका लागि पनि सम्वाद भइरहेको उनले बताए । तर वामदेव नेतृत्वको नेकपा एकता राष्ट्रिय अभियान पार्टी भने निर्वाचन आयोगमा दर्ता भइसकेको छैन् । बैठकपछि सञ्चारकर्मीहरुसितको संक्षिप्त प्रतिक्रियामा एकीकृत समाजवादी पार्टीका अध्यक्ष नेपालले भने, 'गठबन्धन कायम राख्ने, वामपन्थीहरु मिल्ने कुराकानी भएको छ।' संवाद भइरहे पनि अहिले कुनै निर्णयमा पुगिनसकेको उनले प्रष्ट् याए।

यसैबीच वाम एकताको लागि पहल गर्ने निर्णय नेकपा एसले गरेको छ। पार्टीको मंगलबार बसेको केन्द्रीय सचिवालय बैठकले वाम एकताको लागि पहल गर्ने निर्णय गरेको हो।

*स्थानीय तहको निर्वाचनमा गठबन्धनका दलहरुबीच विश्वासघात भएकाले अगामी चुनावमा निरन्तरता दिन नहुने केही नेताहरुले आवाज उठाइरहेको बेला कांग्रेस र वामपन्थी दलहरुले पनि निरन्तता दिनेमा एकमत देखिएका छन्।*

बैठकले वर्तमान ५ दलीय गठबन्धन कायम राख्दै वाम एकताको लागि पहल गर्ने निर्णय गरेको बताइएको छ। वर्तमान आर्थिक समस्याबारे प्रस्ताव तयार गर्ने, समाजवाद सम्बन्धी दस्तावेज तयार गर्ने र संगठन सुदृढीकरण अभियानलाई अगाडि बढाउने निर्णय गरेको बैठकमा सहभागी एकजना सदस्यले बताए। असार १३ र १४ गते बसेको पार्टीको केन्द्रीय परिषद्को प्रथम बैठकबाट पारित कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा समेत सचिवालय बैठकमा छलफल भएको थियो।

स्थानीय तहको निर्वाचनमा गठबन्धनका दलहरुबीच विश्वासघात भएकाले आगामी चुनावमा निरन्तरता दिन नहुने केही नेताहरुले आवाज उठाइरहेको बेला कांग्रेस र वामपन्थी दलहरुले पनि निरन्तरता दिनेमा एकमत देखिएका छन् । कांग्रेसका कार्यकर्ताहरुले माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र एसका उम्मेदवारहरुलाई मतदान नगरेको आरोप लागेको थियो । तर नेताहरुले त्यो कमजोरीलाई सुधार गर्दै गठबन्धनलाई निरन्तरता दिनेमा सहमत भएका हुन्।

सत्ता साझेदार मध्येका एक जसपाको वीरगञ्जमा गत हप्ता सम्पन्न केन्द्रीय समितिको बैठकले गठबन्धनलाई निरन्तरता दिने निर्णय गरिसकेको छ। दलहरुले गठबन्धन गर्ने निर्णय गरेपछि विगत चुनावमा पराजित भएका कांग्रेसका उम्मेदवारहरु चिन्तामा परेका छन् । हुनत गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई पनि सहभागी गराउने बलियो संभावना रहेको छ । लोसपा समेतको गठबन्धनगरी चुनावमा जाँदा सिटको व्यवस्थापन गर्न कांग्रेसलाई हम्मेहम्मे पर्नेछ।

### कृषि सचिवलाई लेखा समितिमा उपस्थित हुन निर्देशन

# भरत ताल, बृहत्तर जनकपुर, सहकारीको अनुदान छानबिनको दायरामा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको सार्वजनिक लेखा समितिले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकी सचिव नम्रता सिंहलाई कागजात समेत समितिमा सात दिन भित्र उपस्थित हुन निर्देशन दिएको छ।



सार्वजनिक लेखा समितिको मंगलवार बसेको बैठकले सचिव सिंहलाई मन्त्रालयले ४ वर्षमा वितरण गरेको विभिन्न अनुदान सम्बन्धी सम्पूर्ण कागजात लिएर उपस्थित हुन निर्देशन दिने निर्णय गरेको समितिका सदस्य नरेश यादवले जनाए।

समितिले मन्त्रालयसित अनुदान सम्बन्धी कागजातहरु गत जेठ महिनाको पहिलो हप्ता नै माग गरेको थियो। तर मन्त्रालयले अधुरा कागजात पठाएकाले समितिको बैठक सचिवलाई नै कागजात समेत उपस्थित हुन निर्देशन दिएको छ।

गत आर्थिक वर्षमा सहकारी अन्तरगत भएको संघ संस्थाहरुको भुक्तानीलाई समेत छानबिनको दायरामा ल्याइएको छ ।स्रोतका अनुसार महाशाखाका प्रमुख शंकर साहले गत वर्ष नै भुक्तानी भइसकेको कामको २०७८/०७९ मा पनि भुक्तानी गरिएको छ। त्यसमा झण्डै ४ करोड रकम भुक्तानी भएको स्रोतले जनाएको छ।

प्रदेशको भूमि व्यवस्था तथा कृषि, सहकारी मन्त्रालयमा व्यापक अनियमितता भएको आरोप लाग्दै आएको छ । मन्त्रालयले ट्रेक्टर खरिद, वितरण, कृषि उपकरणहरुको खरिद, वितरण, भैंसी, बाख्रा खरिद, वितरण, सप्तरीमा फूल खेतीको रकम हजम लगायतका विषयहरुलाई समेत समितिले छानबिनको दायरामा राख्नु पर्ने सभासदहरुले आवाज उठाएका छन्।

महालेखा परीक्षकको प्रकाशित प्रतिवेदनहरुमा मधेश प्रदेश सरकारले आर्थिक ऐन, नियमलाई मिचेर मनपरी ढंगले भुक्तानी गरेको औल्याएको छ। कामै नगरी, समान खरिद नगरी सम्बन्धित सप्लायर्स र कम्पनीहरुसित मिलेर कागजात तयार गरेको भरमा करोडौ रकम भुक्तानीगरी नगद नै बाँडफाँट गरेको प्रतिवेदनको निष्कर्ष देखिन्छ।

प्रदेश सरकारले सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्माण गरिएको भरत ताल हाल त्यसको नाम परिवर्तनगरी बागमती माछा पोखरी बनाइएकोमा ४७ करोड लगानी गरेको छ।

प्रदेश सरकारले गरेको लगानी र पोखरी निर्माणको क्रममा त्यहाँबाट उत्खनन् भएको बालुवा, गिट्टी र ढुंगा, माटो र ग्राभेलको लेखाजोखा गरिएको छैन् । आर्थिक मन्त्रालयले त्यस कार्यक्रममा गरेको लगानीमा व्यापक आर्थिक अनियमितता भएको आरोप लागेको छ।

सार्वजनिक लेखा समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् मार्फत त्यस सम्बन्धी सम्पूर्ण प्रमाणित कागजात माग गरेको छ । समितिको बैठकले ५ दिन भित्र सम्पूर्ण कागजात उपलब्ध गराउन निर्देशन दिएको छ।

त्यसैगरी पर्सा जिल्लाको नगमा, मुरली, लक्ष्मणवा र निचुटा पोखरीको सौन्दर्यकरण सम्बन्धी सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ५ दिन भित्र यस समितिमा प्राप्त हुनेगरी माग गर्ने निर्णय भएको छ।

त्यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा फोहर व्यवस्थापनमा भएको खर्चको यथार्थ विवरण र सोसँग सम्बन्धित अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समितिले ५ दिन भित्र पठाउन निर्देशन दिएको छ।

आर्थिक वर्ष २०७७/०७८ मा निर्माण गरिएको कोभिड-१९ अस्पताल निर्माण सम्बन्धी लागत इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, मेजरमेन्ट बुक, भुक्तानीको अवस्था र पेश्की रकम सम्बन्धी विवरण र सोसँग सम्बन्धित अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयबाट ५ दिन भित्र समितिले माग गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १४ को मुजेलियामा मनिपाल अस्पतालको भौतिक संरचनालाई कोभिड-१९ अस्पताल बनाउने क्रममा व्यापक भ्रष्टाचार भएको आरोप लाग्दै आएको छ।

अस्पतालको नाममा खरिद भएका औजार, औषधि, लगायतका उपकरण र अन्य समानहरुको जिन्सीमा दाखिला नै नगरी भुक्तानी गरिएको महालेखा परीक्षकको कार्यालयले प्रतिवेदनमा औल्याएको छ । महालेखा परीक्षकको प्रतिवेदनले असुल उपर गर्नुपर्ने ठहर नगरे पनि सो रकम अनियमितता भएको औल्याएको छ।

कोभिड-१९ अस्पताल निर्माणको क्रममा संयोजक रहेका बालरोग विशेषज्ञ डा.जामुन सिंह र मुख्यमन्त्री कार्यालयका ईञ्जिनियर भगवान झाले मिलेमतोमा करोडौ भ्रष्टाचार गरेको आरोप लाग्दै आएको छ।

डा.जामुन सिंहले कोभिड-१९ का रोगीहरुको भोजन र अन्य सुविधाको रकम समेत हजम गरेका थिए । उनले कोभिड-१९ अस्पताल निर्माण र बिरामीहरुको उपचारमा करोडौ अनियमितता गरी आर्जन गरेको रकमबाट दशरथ मन्दिर समेतलाई खरिदगरी नर्सिंग होम निर्माण थालेको बताइन्छ।

सार्वजनिक लेखा समितिले छानबिन थालेपछि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हडकम्प मच्चेको छ । मन्दिरमा बनाउन लागेको नर्सिंग होमको निर्माणलाई जनकपुरधाम उपमहानगरपालिका र वडा नम्बर ८ कार्यालयले रोकेको छ।

तर डा.सिंहले राति र प्रचण्ड गर्मी भएको मध्यान्हको समयमा भित्रैबाट काम जारी राखेको स्थानीय प्रत्यक्षदर्शीहरुले बताउने गरेका छन्।

सार्वजनिक लेखा समितिले अर्थ मन्त्रालयबाट बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई दिएको १५ करोड बढी रकमको समेत छानबिन गर्नुपर्ने सभासदहरुले जोड दिएका छन् । संघीय सरकार मातहतको बृहत्तरमा मधेश प्रदेश सरकारले दिएको रकममा व्यापक भ्रष्टाचार भएकाले त्यसको छानबिन हुनुपर्ने पटक-पटक माग उठ्दै आएको छ।

बृहत्तरलाई उपलब्ध गराइएको रकममा प्रदेश सरकारका केही मन्त्रीहरुले सोझै रकम बाँडफाँट गरेको आरोप लागेपछि मुख्यमन्त्री लालबाबु राउतले छानबिन समिति गठन गरेका थिए । तर लेनदेनमा कुरा मिलेपछि राउतले छानबिन समितिलाई नै निष्कृय बनाएको आरोप लागेको छ।

मधेश प्रदेशको सार्वजनिक लेखा समितिले मधेश प्रदेश सरकारको विभिन्न कार्यक्रमहरुमा अनियमितता भएको महालेखा नियन्त्रकको प्रतिवेदनमा उल्लेख भएको, उजुरीहरु परेको र सञ्चार माध्यमहरुमा प्रकाशित समाचार हरुको आधारमा छानबिन थालेको सभासद नरेश यादवले जनाए।



# राजस्वमा वृद्धि

**टुडे समाचारदाता**

पर्सा। वीरगञ्ज महानगरपालिकाले अघिल्लो आर्थिक वर्षको तुलनामाा गत आवमा ४५ प्रतिशत भन्दा बढी राजस्व सङ्कलन गरेको छ।

आर्थिक वर्ष २०७७/७८ मा महानगरपालिकाले सङ्कलन गरेको राजस्वको तुलनामा आव २०७८/७९ मा ३० करोड ५६ लाख भन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको हो।

अघिल्लो आवमा महानगरपालिकाले रु ६६ करोड ८८ लाख ९४ हजार राजस्व सङ्कलन गरेकामा आर्थिक वर्ष २०७८/७९मा कार्यालयले रु ९७ करोड ४५ लाख ८३ हजार राजश्व सङ्कलन गरेको छ।

यो अघिल्लो आवको तुलनामा ४५.७० प्रतिशत बढी हो। महानगरपालिकाले गत आवमा सबै भन्दा बढी घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट राजस्व सङ्कलन गरेको छ।

अघिल्लो आवमा रु २० करोड ९९ लाख २३ हजार सङ्कलन भएकोमा गत आवमा २५ करोड २४ लाख ३५ हजार बढी अर्थात ४६ करोड २३ लाख ५९ हजार सङ्कलन भएको छ। त्यसै महानगरपालिकाले सम्पत्ति करमा गत आवमा १२ प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ।

अघिल्लो आवमा कार्यालयले रु १५ करोड २१ लाख ८७ हजार राजस्व सङ्कलन गरेकोमा गत आवमा एक करोड ८६ लाख ५२ हजार बढी अर्थात १७ करोड ८ लाख ३९ हजार राजस्व सङ्कलन गरेको महानगरपालिका राजस्व शाखाका प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए।

# आन्तिरक विवादले बजेट अलपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । कमला नगरपालिकामा प्रमुख-उपप्रमुख विवादका कारण आर्थिक वर्ष ०७९/८० को बजेट प्रस्तुत हुन सकेको छैन् । असार १० गते संवैधानिक व्यवस्था अनुसार बजेट ल्याउनु पर्नेमा जनप्रतिनिधिको विवादका कारण अझै बजेट आउन सकेको छैन्।

पालिका प्रमुख विशेश्वर यादवले नीति तथा कार्यक्रम प्रस्तुत भए पनि उपप्रमुखको अडानले बजेट ल्याउन नसकेको बताए । उपप्रमुख शिलादेवी मण्डल नीति तथा कार्यक्रमको दिन अनुपस्थित भएको उनको भनाइ छ।

तर मण्डलले भने पालिका उपप्रमुखको अनुपस्थितिमा नै नीति तथा कार्यक्रम प्रस्तुत गरेको आरोप लगाइन् । उनले आफ्नो अधिकार कटौती भएको भन्दै असार ११ गते नै उच्च अदालत जनकपुरमा नगर सभा खारेजको माग गर्दै मुद्दा दर्ता गराएकी छन् । मुद्दामा अहिले पेशी तोकिएको छैन् । नगर प्रमुखको एक्लौटीका कारण बजेट आउन नसकेको उनले बताइन् । आफ्नो अधिकारमाथि हस्तक्षेप भएपछि मुद्दा दिएको उनको तर्क छ । धनुषाकै नगराईन नगरपालिकामा पनि प्रमुख/उप्रमुखबीचको विवादले बजेट प्रस्तुत हुन सकेको छैन्।

पालिका प्रमुख विनयकुमार यादवले स्थानीय सरकारमाथि दलगत राजनीति हाबी हुँदा बजेट आउन नसकेको बताए। पालिकामा नेकपा एमालेको बहुमत रहेको र उनीहरु मनमौजी निर्णय गर्न दबाब दिदा बजेट नआएको उनले उल्लेख गरे । बजेट ल्याउनुभन्दा पहिले बनाइने समितिमा पनि उपप्रमुख यादवको आपत्ति छ । प्रवक्ता उपप्रमुख हुनुपर्ने, विषयगत समितिमा आवश्यकताभन्दा बढी आफ्नै मान्छे राख्न खोज्ने लगायतको फजुल अडानहरु राखेको उनको भनाइ छ।

तर पालिका उपप्रमुख राधा देवी यादवले योजना बाँडफाटमा विवाद देखिएको बताइन् । 'कानूनले मिल्ने काम बहुमतले गर्नुपर्छ,'उनले भनिन्,' प्रमुख भएपछि आफ्नै स्वार्थ हुनु हुँदैनन् । योजना बाँडफाटमा पनि केही विवाद देखिएको छ।' संविधानले दिएको अधिकार बहुमतको आधारमा प्रयोग गर्न नपाएको उनले गुनासो गरिन्।

निर्धारित समयमा बजेट नल्याउने यी दुई पालिका प्रतिनिधिमूलक मात्र हुन् । धनुषाको अधिकांश पालिकामा जनप्रतिनिधिबीचको विवादले बजेट आउन सकेको छैनन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेब साइट अनुसार धनुषाको १८ मध्ये दश पालिकाको बजेट आउन बाँकी छ।

तर वेब साइटमा भनिए अनुसार जनकपुरधाम उपमहानगरपालिकाले पनि बजेट पेश भएको छैन्। यद्यपि पालिकाले असार १० गते नै बजेट प्रस्तुत गरिसकेको छ । मन्त्रालयमा कागजात पेश नगरेको हुनाले वेब साइटमा बजेट पेश नभएको उल्लेख छ।

# करार सेवाका कर्मचारीहरु धर्नामा

**टुडे समाचारदाता**




मलंगवा । म्याद थप तथा करार नवीकरण नहुने भनि निर्णय भएको प्रति असन्तुष्टि जनाउँदै सो निर्णयको विरोध गर्दै कबिलासी नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरु म्याद थप गर्नुपर्ने माग राखेर नगरपालिकाको मूल गेट अगाडि धर्नामा बसेका छन्। सोमबारदेखि सुरु गरेको धर्ना कार्यक्रमलाई निरन्तरता दिँदै दोस्रो दिन मंगलबार पनि उनीहरु विरोध स्वरुप हात र टाउकोमा कालोपट्टी बाँधेर नगरपालिकाको मूल गेट अगाडि धर्नामा बसेका थिए।

कबिलासी नगरकार्यपालिकाको गत असाढ १२ गते बसेको बैठकमा करार सेवामा कार्यरत कर्मचारीहरुको साउन १ गतेदेखि म्याद थप तथा करार नवीकरण नहुने भनि भएको निर्णयले कार्यरत अस्थायी करार सेवाका कर्मचारीहरु प्रति अन्याय भएकोले सोको ध्यानाकर्षण गराउन जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति ,कर्मचारी मिलन केन्द्र, जिल्ला प्रहरी, पत्रकार महासंघ लगायतका निकायहरुमा ज्ञापनपत्र बुझाइ सकेको अखिल नेपाल अस्थायी, करार ज्यालादारी कर्मचारी श्रमिक संघ इकाई कमिटी कबिलासी नगरपालिकाका अध्यक्ष गगनदेव राउतले बताए।

यसअघि नगर प्रमुखलाई समेत म्याद थप गर्न पहल गरिदिन भनि प्रत्यक्ष भेटेर गुनासो गरिसकेको तर पनि उनीहरुबाट आफूहरुले गरेको गुनासोको कुनै सुनुवाइ नभए पछि बाध्य भएर चरणबद्ध आन्दोलनको कार्यक्रमहरु तय गरी सोही अनुसार धर्नामा बसेको अध्यक्ष राउतले बताए । नगरकार्यपालिकाले गरेको भेदभावपूर्ण निर्णयलाई सच्याएर माग सम्बोधन नगरेसम्म आफूहरुको आन्दोलन जारी रहने पीडित करार सेवाका कर्मचारीहरुले बताएका छन्।

इमानदारीपूर्वक काम गर्दै आइरहेको अवस्थामा पालिकाले एकाएक आफूहरुलाई हटाएर राजनीतिक र पैसाको चलखेल गरेर आफ्नो मान्छेलाई नियुक्ति दिने दाउपेच खेलिरहेको उनीहरुको आरोप छ। सरकारले रोजगारीको ग्यारेन्टी गर्नुपर्ने ठाउँमा उल्टो रोजीरोटी खोस्ने काम गरेको उनीहरूले गुनासो गरेका छन्।

अबपनि आफूहरुको माग अनुसार कार्यपालिकाको उक्त निर्णय नसच्चाइएको खण्डमा पत्रकार सम्मेलन गरी नगरपालिकाको परिसरमा संघ संगठन लगायत अन्य कर्मचारीहरुबाट प्रतिबद्धता जाहेर गराएर चरणबद्ध रुपमा थप कडाइका साथ आन्दोलनको कार्यक्रमहरु गर्ने इकाई कमिटी कबिलासी नपाका अध्यक्ष राउतले जानकारी दिए।

यस्तै खालको निर्णय सर्लाहीका आधा दर्जन भन्दा बढी पालिकाहरुले पनि गरेकाले त्यहाँ कार्यरत करार सेवाका कर्मचारीहरुले पनि उक्त निर्णय प्रति आपत्ति जनाउँदै आआफ्नो पालिकामा विरोधका कार्यक्रमहरु सुरु गरेका छन्।

# लैंगिक समानता सम्बन्धी अध्ययन सार्वजनिक

**टुडे समाचारदाता**



जनकपुरधाम । एसियाली विकास बैंक (एडीबी)ले लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन सार्वजनिक गरेको छ। मंगलबार जनकपुरधामस्थित लैंगिक समानता र समावेशीकरण गर्ने उद्देश्यले अध्ययन र निष्कर्ष सार्वजनिक गरिएको हो।

अध्ययनमा मधेश प्रदेशका मुख्यतः ६ वटा क्षेत्र समेटिएको छ । कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन, उर्जा, सीप विकास, सहरी विकास, यातायात तथा पानी, सरसफाई र स्वच्छता क्षेत्रमा अध्ययन गरिएको छ । एडीबीले अध्ययन गरी प्रकाशन गरेको पुस्तकमा प्राथमिक क्षेत्रमा लैंगिक समावेशीकरण र समानताको विश्लेषण गरिएको छ । सो पुस्तकमा अध्ययनले लैगिंक सशक्तिकरणको पक्ष पनि पहिचान गरेका छन्।

कार्यक्रममा लैगिंक समानता एवं समावेशीकरण विज्ञ छाया झाले नीतिगत प्रतिवद्धता र यसको असल अभ्यासको विषयमा प्रस्तुति गरेकी थिइन् । उनले यसको फाइदा र चुनौतीको बारेमा पनि जिकिर गरिन्।

एडीबीका वरिष्ठ योजना अधिकृत पुष्कर मानन्धरले उर्जा क्षेत्रमा जेसीको मूलप्रवाहीकरणको विषयमा धारणा राखेका थिए। एडीबी रणनीति २०३० ले गरिबी निवारण र लैगिंक समानतामा सहयोग गर्ने प्राथमिकता राखेको छ। एडीबीको नेपाल राष्ट्रिय साझेदारी रणनीति (२०२०-२४) लैंगिक समानता र समावेशीकरणलाई उच्च प्राथमितामा राखेको छ।

# भेडापालक किसानले पाए गोठालो भत्ता

खलङ्गा । कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदानअन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाबाट जिल्लाका १४३ जना किसानले गोठालो भत्ता पाएका छन्।

पशु सेवा कार्यालयले आह्वान गरेको प्रस्तावनामा २६५ किसानले निवेदन दिएका थिए।

निवेदन परेका कृषकको अनुगमन गरेर भेडा कति छन्, कृषक हो कि होइन भन्ने विषयमा जानकारी लिन कर्मचारी फिल्डस्तरमै स्थलगत रिपोर्ट र मूल्याङ्कन गरेपछि मात्र सो भेडापालक किसानलाई गोठालो भत्ता प्रदान गरेको पशुसेवा कार्यालय जुम्लाका प्रमुख गोविन्दबहादुर महतले जानकारी दिनुभयो।

प्रदेश सरकारले यहाँका भेडाको उत्पादन बढाउन यस्तो व्यवस्था गरेको हो। एक वर्षभरि भेडा हेर्न जाँदा आवश्यक सामान किन्न केही सहज होस् भन्ने उद्देश्यस्वरूप गोठालो भत्ता दिने गरिएको छ।

भेडापालक किसानलाई प्रोत्साहन गर्न गोठालो भत्ता दिने कार्यक्रम लागू गरिएको पशु सेवा कार्यालयका प्रमुख महतले बताउनुभयो।

पचासदेखि माथि भेडा पाल्ने किसानलाई मासिक रु एक हजार ५०० का दरले वार्षिक रु १८ हजार भत्ता दिइएको हो।

यो कर्णाली प्रदेश सरकारले भेडाको उत्पादन बढाउन लागू गरेको नियमित कार्यक्रम हो । रकम सम्बन्धित किसानको बैंक खातामै जम्मा गरिएको छ। यो कार्यक्रमले किसानको रुचि भेडापालनतर्फ बढ्ने अपेक्षा गरिएको छ।

पशु अस्पताल तथा पशु सेवा कार्यालयमा २८४ किसानले आफ्नो फार्म सूचीकृत गराएको पशु सेवा कार्यालय जुम्लाले जनाएको छ । सो कार्यक्रम माथिल्लो कर्णालीका जुम्ला, कालीकोट, मुगु, हुम्ला र डोल्पामा गरी पाँच जिल्ला प्रदेश सरकारले लागू गरेको छ।

**भेडा गुमाएका कृषकलाई राहत वितरण**

जिल्लाको पातारासी गाउँपालिका-४ लुमका चट्याङ्मा परी भेडा गुमाएका पाँच कृषकलाई राहत वितरण गरिएको छ।

कर्णाली प्रदेश भूमि तथा कृषि सहकारी मन्त्रालय सुर्खेतका सचिव डा लेखराज दाहाल, जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्य, चन्दननाथ नगरपालिका प्रमुख राजुसिंह कठायत र प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईंले संयुक्तरूपमा कृषकहरुलाई राहत वितरण गर्नुभएको हो । कृषकहरुलाई कूल पाँच लाख २० हजार बराबरको राहत उपलब्ध गराइएको छ।

यसमध्ये धर्मसिंह रिउले रु एक लाख ४४ हजार, सुक रिउले रु एक लाख ७६ हजार, मानबहादुर रोकायाले रु ८० हजार, शङ्कर नेपालीले रु ४० हजार र जोरा रोकाया रु ८० हजार पाएका छन्।

प्रतिभेडाको रु चार हजारका दरले वितरण गरिएको पशु सेवा कार्यालय जुम्ला प्रमुख गोविन्दबहादुर महतले बताउनुभयो।

गत असार १७ गते पातारासी-४ मा पर्ने बागजाले पाटनका चट्याङ परी पाँचजना कृषकका ८० वटा भेडा मरेका थिए भने ३०० भेडा हराएका थिए।

राहत वितरण गर्दै भूमि तथा कृषि सहकारी मन्त्रालयका सचिव दाहालले कर्णालीका किसानले अनिवार्य बीमा गर्नुपर्ने बताउनुभयो।रासस


## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका शिव चौक शिव मन्दिर अगाडी Parking मा राखिएको मिति २०७९/०४/०२ गते राति ०८:०० बजे कालो र ब्लु रंगको ईन्जिन नं. DKXCMG24868 चेचिस नम्बर MD2A13EX8MCG93118 को बजाज कम्पनीको पल्सर 220 F मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः सुकमरिया देवी**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१९**
**मो.नं.९८००८८०२२०,९८१४८५८८८९**


# इलेक्ट्रीक स्कुटर जनकपुरधाममा पनि पाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि प्रतिक्षित इलेक्ट्रीक स्कुटरको शोरुम जनकपुरधाममा पनि संचालनमा आउन लागेको छ। साउन ५ गते बज्र गुपद्धारा निर्मित स्कुटरको शोरुम जनकपुरधाममा शिलान्यास हुन लागेको छ । सो शिलान्यासपछि इलेक्ट्रीक स्कुटर जनकपुरधाम उपमहानगरपालिका ४ विश्वकर्मा चोकस्थित इन्द्रेनी अटो मोवाइलबाट अधिकारिक रुपमा विक्रि हुने बताइएको छ।

जनकपुरधामका नगर प्रमुख मनोजकुमार साह र २०१७ का मिस इन्टरनेशनल नीति साहको उपस्थितिमा शोरुम लिान्यास हुन लागेको छ। ग्रुपले जनकपुरधाममा आफ्नो अधिकारिक विक्रेता इन्द्रेनी अटो मोवाइललाई घोषणा गरिसकेको छ।

# विपद् व्यवस्थापनमा सामूहिक प्रयासको खाँचो

काठमाण्डु । वर्षायामसँगै हुन सक्ने सम्भावित विपद्का जोखिमलाई दृष्टिगत गरी उद्धार कार्यको योजना, फौजको प्रभावकारी परिचालन, उद्धार तथा प्रतिकार्यका लागि विपद् प्रतिकार्यमा खटिने सबै सरोकारवाला निकायबीच आज राजधानीमा छलफल भएको छ।

एकापसमा समन्वय आवश्यक भएकाले विपद्सँग जोडिने नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पदाधिकारी तथा सुरक्षा निकायका प्रमुखको सहभागितामा नेपाली सेनाले समन्वयात्मक कार्यक्रम आयोजना गरेको हो । उक्त समरोहमा प्रधानसेनापति प्रभुराम शर्माले विपद् व्यवस्थापन चुनौतीपूर्ण कार्य रहेकाले कसैको एकल प्रयासबाट सम्भव नहुने भन्दै सबै निकायको भूमिका उत्तिकै महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण तथा जलवायु परिवर्तन जस्ता चुनौतीका बीच भविष्यमा विपद् व्यवस्थापनमा विशेष ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली सेना, युद्धकार्य निर्देशनालयले विपद् व्यवस्थापनसम्बन्धी विविध विषयका बारेमा प्रस्तुतीकरण गरेको थियो । सो क्रममा सहभागीहरुले विपद् प्रतिकार्यमा सबैको सामूहिक प्रयोग हुनुपर्नेमा जोड दिइएको थियो।रासस

# भन्सार छलीको सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा भन्सार छलीको सामान बरामद भएको छ। मंगलबार धनुषा प्रहरीले एक लाख तीन हजार मूल्य बराबरको सामान बरामद गरेको हो । जनकपुरधाम उप-महानगरपालिका-६ स्थित भारतबाट भन्सार छली चोरी पैठारी गरी ल्याउदै गर्दा प्रहरीले उक्त समान बरामद गरेको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) प्रदीप क्षेत्रीले जानकारी दिए।

उनका अनुसार गरी प्र.२-०३-००२ प. २०५५ नम्बर प्लेटको मोटरसाइकलसहित बेवारिसे अवस्थामा सामान फेला परेको छ। समान रित पूर्वक वरामद गरी भन्सार कार्यालय जनकपुरधाममा पठाईएको छ । सो विषयमा आवश्यक अनुसन्धान तथा खोजी प्रहरीले गरिरहेका जनाइएको छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| वृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथुन | : धन वृद्धि सञ्चय। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पारिवारिक सुख। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



साउनका सुरुमा पनि पानी नपरेका कारण बर्दिया, गुलरिया नगरपालिका-११, गणेशपुरमा धान रोप्न नपाएर बाँझो रहेको किसानका जमिन । *तस्बिरः रासस*

# ‘पूर्वाधारका काम समन्वय गरी अगाडि बढाऔँ’

काठमाण्डु । काठमाण्डु महानगरपालिकाका प्रमुख बालेन्द्र साहले खानेपानी वितरणका लागि खनिएका वडा नं १३, १४, १५ र २६ का सडक कहिले कालोपत्र हुन्छ भनी प्रश्न गर्नुभएको भएको छ ।

कामपा क्षेत्रभित्र पूर्वाधार विकासका लागि काम गर्ने सरोकारवालासँगको छलफलका क्रममा सोमबार प्रमुख साहले एकपछि अर्को प्रश्न गर्नुभएको हो ।

यसैगरी खानेपानीको पाइप बिछ्याउन सहमति माग भइआएका वडा नं २, ३, ४ र ५ को काम कसरी हुँदैछ ? काठमाण्डु उपत्यका खानेपानी लिमिटेडका पदाधिकारीलाई उहाँले प्रश्न गर्नुभयो ।

त्यस्तै विद्युत् प्राधिकरणका पदाधिकारीलाई वडा नं ३ रानीबारी क्षेत्र, वडा ४ को बालुवाटार, विशालनगर, धुम्वाराही क्षेत्र, वडा ५ को हाँडीगाउँ, मालीगाउँ, कालोपुल क्षेत्र, वडा २६ को नयाँ बसपार्क क्षेत्रमा बिजुलीको तार भूमिगत गरेपछि छाडिएको सडक कहिलेसम्ममा पुनःस्थापना हुन्छ भन्ने पुनः प्रश्न गर्नुभयो ।

बैठकमा सडक विभाग, काठमाण्डु उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, विद्युत् प्राधिकरणलगायत कार्यालयका पदाधिकारीले बर्खायाममा सडक कालोपत्र गर्न नसकिने बताउनुभएको थियो । पाइप तथा बिजुलीका तार बिछ्याउन खनिएका सडक पानी पर्न छाडेपछि कालोपत्र हुने उहाँहरूले भनाइ राख्नुभयो ।

प्रमुख साहले सहर व्यवस्थापनका लागि आचरण सुधारको खाँचो रहेकामा पनि जोड दिनुभयो । सेवा प्रदायक तथा लाभग्राहीको व्यवहारमा परिवर्तन ल्याउन सक्ने हो भने सहरी सेवा तथा सुविधा व्यवस्थापनमा परिवर्तन आउने उहाँले धारणा राख्नुभयो ।

प्रमुख साहले भन्नुभयो, “सडक, खानेपानी, ढल निकासजस्ता भौतिक पूर्वाधारको सञ्जाल, बिजुली, टेलिफोन तथा इन्टरनेट सेवाप्रदायकको तार सञ्जाल, फोहरमैला व्यवस्थापनजस्ता कामका लागि पहिला सफ्टवेयरमा काम गरौँ, त्यसपछि हार्डवेयरमा काम गर्नुपर्छ ।”

बैठकमा काठमाण्डु उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयका प्रमुख तथा प्रतिनिधि सहभागी हुनुहुन्थ्यो । त्यस्तै नेपाल प्रहरी प्रधान कार्यालय, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट पनि प्रतिनिधित्व थियो ।रासस

# पाटन देगुतलेजु मन्दिरको काठ र इँटा फेरिने

ललितपुर । पाटन दरबार परिसरमा रहेको देगुतलेजु मन्दिरको काठ र इँटा फेरिने भएको छ ।

गोर्खा भूकम्पले सो मन्दिर क्षतिग्रस्त बनाएको हुँदा हाल जीर्णेद्धारका साथै मर्मतसुधार गर्दा अधिकांश पुराना काठ र करिब ४० प्रतिशत इँटा फेरिन लागिएको हो । गत फागुन १२ मा क्षमापूजा गरी चैत १ देखि मन्दिर जीर्णेद्धारको काम सुरु गरिरहेको देगुतलेजु मन्दिर पुनःनिर्माण समितिका अध्यक्ष किरणमान प्रधानले बताउनुभयो ।

उहाँले भन्नुभयो, “छ तले मन्दिरमा तल भुइँ तलाबाट काठ फेर्दै आउँदा दुई तलासम्मको काठ फर्ने काम सम्पन्न भयो । बाँकी अब माथि चार तलाको काम सुरु गर्नेछौँ ।” सो मन्दिर निर्माणमा भक्तपुरका कामदार खटिरहनुभएका प्रधानले जानकारी गराउनुभयो ।

सो मन्दिर निर्माणमा सरकारबाट प्राप्त रु आठ करोड र ललिपतुर महानगरपालिकाबाट प्रदान रु दुई करोड गरी कूल रु १० करोड खर्च हुने अनुमान छ । उहाँले भन्नुभयो, “मन्दिरका लागि ४० प्रतिशत नयाँ इँटा किन्नुपर्छ । मन्दिरलाई पुरानो शैलीमा निर्माण गराउन आवश्यक सामग्री प्रयोग गरिनेछ ।” मन्दिर जीर्णेद्धारको काम थालिएसँगै देगुतलेजु भवानीअर्थात् भगवतीलाई अन्यत्रै सारी पूजापाठ भईरहेको छ ।

राजा शिवसिंह मल्लका शासनकालमा गुरुपदवी धारणा गरेका लम्बकर्ण भट्टले कान्तिपुर र ललितपुर दुवै सहरमा देगुतलेजु मन्दिर स्थापना गरेको जनाइएको छ । त्यसैगरी १हजार ७ सय ४९ सालमा राजा योगनरेन्द्र मल्लले प्रस्तर स्तम्भ माथि आफ्ना दुई रानीसहित आफ्ना प्रतिमा राखेका र विसं १ हजार ९ सय ९० को भूकम्पमा पूर्णरुपमा भत्किएको सो मन्दिर श्री ३ जुद्ध शमशेरले जगैदेखि नयाँ बनाएको जनाइएको छ ।

छत्र शैलीमा निर्माण भएको सो मन्दिर जीर्णेद्धार गर्ने क्रममा हाल मन्दिरबाट झिकिएका टुँडाल, गजूर, तोरण, आदि महत्वपूर्ण वस्तु सुरक्षित स्थानमा राखिएको समितिका कोषाध्यक्ष हरिनरसिंह अमात्यले बताउनुभयो । सो मन्दिर जीर्णेद्धारको प्राविधिक सहयोग काठमाण्डु भ्याली प्रिजर्भेशन ट्रष्ट (केभिपिटी) को जिम्मामा अघि बढेको साइट इन्जिनियर प्रणाम होराले बताउनुभयो ।रासस

# कोरोनाबाट मृत्यु भएका परिवारलाई ६८ लाख राहत

दमौली । स्वास्थ्य कार्यालय तनहुँले कोरोनाबाट मृत्यु हुनेको परिवारलाई राहत वितरण गरेको छ । कोरोनाबाट मृत्यु हुनेको परिवारलाई राहत दिने गण्डकी प्रदेश सरकारको निर्णयबमोजिम कार्यालयलेआर्थिकवर्ष२०७८/०७९ मा रु ६८ लाख ५० हजार राहत प्रदान गरेको हो ।

कार्यालयले कोरोनाबाट मृत्यु भएका १३७ परिवारलाई रु ५० हजारका दरले राहत रकम वितरण गरेको कार्यालय प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो ।

कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउनेसम्बन्धी अवधारणापत्र, २०७८ बमोजिम राहत प्रदान गरिएको अधिकारीले बताउनुभयो।

कार्यालयले जिल्लाका १० वटै पालिकामार्फत कोरोनाबाट मृत्यु हुनेको विवरणसहित निवेदन माग गरेको थियो । उहाँका अनुसार अस्पतालमा मृत्यु भएका व्यक्तिका परिवारलाई मात्रै राहत रकम वितरण गरिएको छाँ कार्यविधिअनुसार अस्पतालमा मृत्यु भएका व्यक्तिका परिवारलाई मात्र आर्थिक सहायता दिइएको छ, होम आइसोलेशनमा मृत्यु भएकाले रकम पाउँदैनन’, उहाँले भन्नुभयो ।

आर्थिक सहायता प्राप्त गर्नका लागि मृतकका परिवारले कोभिड-१९ पोजिटिभ भएको रिपोर्ट, अस्पतालमा मृत्यु भएको प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक सहायता दाबी गर्ने मृतकको नजिकको नातेदारको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, आर्थिक सहायता दाबी गर्ने नजिकको नातेदारको मृतकसँगको नाता प्रमाणित अनिवार्य पेश गर्नुपर्ने प्रावधान थियो । आर्थिक राहत लिनका लागि १६९ परिवारले निवेदन दिए पनि अन्यको कागजात नमिलेका कारण राहत प्रदान गर्न नसकिएको कार्यालयले जनाएको छ । ‘कागजात नमिलेका कारण अन्यलाई राहत दिन सकेका छैनौँ, तनहुँ ठेगाना भई एक विदेशमा मृत्यु भएका परिवार र प्रक्रिया पुगेका दुईलाई पनि राहत रकम वितरण गर्न बाँकी छ’, अधिकारीले भन्नुभयो ।

प्रदेश सरकारले कोरोनाबाट मृत्यु भएका परिवारलाई राहत रकम दिए पनि जिल्लाका पालिकाले पनि राहत रकम वितरण गरेका थिए । विभिन्न पालिकाले आफ्ना पालिकाभित्रका नागरिकको परिवारलाई राहत रकम प्रदान गरेका थिए ।रासस

# हेटौँडा उपमहानगरमा कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम

बागमती । हेटौँडा उपमहानगरपालिकामा यही शैक्षिक सत्रबाट उपमहानगरपालिकाअन्तर्गतका विद्यालयमा कक्षा १ देखि कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम लागू गरिने भएको छ ।

ती कक्षामा ‘हाम्रो हेटौँडा’ नामक स्थानीय पाठ्यक्रम लागू हुने हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले जानकारी दिनुभयो । हाम्रो हेटौँडा नामको उक्त पुस्तकको छपाइ भइरहेको बताइएको छ ।

सो पुस्तकमा स्थानीयस्तरको शैक्षिक ज्ञान र सीप, प्रविधि, पेशा, संस्कृति, प्राकृतिक पक्ष, संरक्षण तथा प्रवर्द्धनको विषय समेटिएको छ ।

उक्त विषयको संरक्षणको जिम्मेवारी स्थानीय सरकारमा रहने भएकाले स्थानीय पाठ्यक्रम लागू गर्न लागिएको उहाँको भनाइ थियो ।

उपमहानगरमा ७६ सामुदायिक र ५० निजी गरी १२६ विद्यालयका शिक्षकलाई नयाँ पाठ्यक्रमबारे जानकारी गराइएको उपमहानगरपालिकाका शिक्षा महाशाखाका प्रमुख गङ्गाधर रिमालले जानकारी दिनुभयो ।

एक सय ६० पूर्णाङ्क रहेको सो पाठ्यक्रममा कक्षा १ देखि ३ सम्म हप्तामा पाँच घण्टा अध्ययन गर्नुपर्ने व्यवस्था रहेको प्रमुख रिमालले भन्नुभयो ।

त्यसमा ६० प्रतिशत सैद्धान्तिक तथा ४० प्रतिशत अङ्क प्रयोगात्मक रहने बताइएको छ ।रासस

# भवन निर्माणसम्बन्धी मापदण्ड पुनः संशोधन गर्न निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले सरकारलाई शहरी विकास तथा भवन निर्माणसम्बन्धी मापदण्ड सम्बन्धित क्षेत्रका विज्ञ, योजनाकार तथा सरोकारवालाको रायका आधारमा पुनःसंशोधन गर्न सरकारलाई निर्देशन दिएको छ ।



समितिको आज बसेको बैठकले शहरी विकास मन्त्रालयले अघि बढाएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधार भूत निर्माण मापदण्ड, २०७२ को २०७८ सालमा भएको संशोधनको पुनःसंशोधन गर्न शहरी विकास मन्त्रालयलाई निर्देश गरेको हो । विसं २०७८ को संशोधनले मापदण्डका प्रावधान अझ साँघुरो र सङ्कुचित बनाएको निर्णयमा उल्लेख छ ।

सरकारको स्वच्छ, सुरक्षित र सुन्दर सहर निर्माण तथा सन्तुलित र समानुपतिक विकास गर्ने नीति विपरीत भएको विषयप्रति समितिले ध्यानाकर्षण गराएको छ ।

मापदण्ड दीर्घकालीन रुपमा प्रकृतिक प्रकोपबाट जोगिने, वातावरण मैत्री, आवास र बस्ती निर्माणको दृष्टिले नागरिकलाई सुरक्षित राख्न हिमाल, पहाड र तराईको भौगोलिक अनुकुलता हुनुपर्ने समितिले जनाएको छ । दीर्घकालीन योजना र दृष्टिकोणका आधारमा एकीकृत मापदण्ड बनाइ कार्यान्वयन गर्ने गरी प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ । प्रदेश सरकार र स्थानीय तहले भवन निर्माणसम्बन्धी फरक फरक मापदण्ड बनाएर कार्यान्वयन गर्दा निर्माण भइरहेका संरचना असुरक्षित र वातावरणीय दृष्टिले जोखिमपूर्ण हुने देखिएको छ ।

शहरी विकास मन्त्री मेटमणि चौधरीले मापदण्डमा कमीकमजोरी रहेमा आफ्नो टोलीसँग बसेर छलफल गरेर सच्याइने बताउनुभयो । मन्त्रालयले अहिले शहरी विकास नीतिलगायतका महत्वपूर्ण र कतिपय लामो समयदेखि थन्किएका कानुन अघि बढाएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, ‘एक साताभित्रै महत्वपूर्ण कानुन ल्याउन लागिएको छ ।’ कुनै पनि मन्त्रालयको जिम्मेवारी पाउनुलाई आफूले सामान्य रुपमा लिएको मन्त्री चौधरीले बताउनुभयो ।

शहरी विकास मन्त्रालयका सचिव रमेशकुमार सिंहले चारै कुनामा शहर बनाएर काठमाडौँलगायत शहरको चाप कम गर्न आवश्यक रहेको औँल्याउनुभयो । मन्त्रालयले बनाएको मापदण्डभन्दा कम नहुने गरी स्थानीय तहले मापदण्ड बनाउने व्यवस्था गरेको उहाँले बताउनुभयो । फरक फरक भौगोलिक क्षेत्रका लागि फरक किसिमको मापदण्ड तोकिएको उहाँले स्पष्ट पार्नुभयो ।

समितिका सभापति कल्याणीकुमारी खड्काले भूकम्पपछि कडा मापदण्ड बनाउनुपर्नेमा झन खुकुलो भएको धारणा राख्नुभयो । हाउजिङमा संलग्न व्यवसायीको फाइदका लागि अहिले प्रावधान ल्याइएको उहाँको आरोप छ । युटिलिटी करिडोरसम्बन्धी ऐन ल्याउन आवश्यक रहेको र समितिले भने पनि मन्त्रालयले अझै ल्याउन नसकेको उहाँको भनाइ छ ।

समितिका सदस्य जिपछिरिङ लामाले शहरी विकासको मापदण्ड बनाउँदा व्यापक छलफल गर्दा राम्रो हुने भए पनि यो मापदण्ड निर्माणमा त्यसो हुन नसकेको बताउनुभयो । थोरै जग्गा भएका व्यक्तिलाई धेरै जग्गा छोड्नुपर्दा समस्या हुनसक्ने उहाँको भनाइ छ ।

समितिका सदस्य यज्ञराज सुनुवारले काठमाडौँका धेरै बस्ती जथाभावी विस्तार भइरहेकाले व्यवस्थित बस्ती निर्माणमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । मध्यपहाडी राजमार्गमा नयाँ सहर निमाण गरिने भनिए पनि त्यसो हुन नसकेको उहाँको भनाइ छ । धेरै सरकारी कार्यालयको नयाँ भवन बने पनि त्यसअनुसार सेवा सुधार हुन नसकेको उहाँले बताउनुभयो ।

समितिका सदस्य सञ्जयकुमार गौतमले दीर्घकालीन योजना बनाउन शहरी विकास मन्त्रालयलाई आग्रह गर्नुभयो । मन्त्रालयको जिम्मेवारीमा रहँदा नीतिगत भ्रष्टाचार हुन नदिनतर्फ लाग्न उहाँले मन्त्री चौधरीलाई सुझाव दिनुभयो । समितिका सदस्य विनाकुमारी श्रेष्ठले कस्तो मापदण्ड बनाउने भन्नेबारे छलफल हुनुपर्ने बताउनुभयो । समितिका सदस्य रङ्गमति शाहीले धान फल्ने खेतमा तथा जङ्गल फाँडेर सहर बनाउने गरिएकाले त्यसो गर्न नहुने उल्लेख गर्नुभयो ।

समितिका सदस्य केदार सिग्देलले सीमित सहरमा मात्रै जनसङ्ख्या थुप्रिन नदिन पहल गर्नुपर्ने उल्लेख गर्नुभयो । सहर सुरक्षित र सुन्दर हुनुपर्नेमा उहाँले जोड दिनुभयो । मापदण्डको दोस्रो संशोधन सरकारबाट स्वीकृत भएर गत जेठ १६ मा राजपत्रमा प्रकाशित भएको थियो ।

मन्त्रालयले सचिवको संयोजकत्वमा अन्य सरकारी निकायका सहसचिव सम्मिलित १६ सदस्यीय केन्द्रीय शहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरिवेक्षण समिति गठन गरेको थियो । उक्त समितिले गत माघ २६ मा सो प्रतिवेदन स्वीकृतिका लागि सिफारिसको निर्णय गरेको थियो ।रासस

# दुई सय तेह्र जनामा डेङ्गुको सङ्क्रमण

चितवन । जिल्लामा गत आर्थिक वर्षमा २१३ जनामा डेङ्गुरोगको सङ्क्रमण देखिएको छ । तीन हजार ५६४ जनाको परीक्षणका क्रममा सो सङ्ख्यामा सङ्क्रमण देखिएको हो ।

स्वास्थ्य कार्यालय चितवनकी जनस्वास्थ्य अधिकृत गिताञ्जली ढकालका अनुसार यो सङ्ख्या आर्थिक वर्ष २०७७/७८ को भन्दा कम हो । यस वर्षमा एक हजार ९८६ जनाको परीक्षणका क्रममा २४७ जनामा डेङ्गु देखिएको थियो ।

एडिस जातिको पोथी लामखुट्टेको टोकाइबाट सङ्क्रमण हुने गर्दछ । ज्वरो आउने, आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता डेङ्गुका सुरुआती लक्षण हुन् । एक प्रकारको विषाणुबाट डेङ्गु भइसकेको व्यक्तिलाई अर्को प्रकारको विषाणु भएको लामखुट्टेले टोकेको अवस्थामा डेङ्गु घातक हुने जनस्वास्थ्य अधिकृत ढकालले जानकारी दिनुभयो ।

डेङ्गु ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ । डेङ्गु लागेमा मानिसको रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ । यो रोगबाट बच्न साँझपख लामो कपडा लगाएर बाहिर निस्कने, झुलभित्र बस्ने, पानी जम्ने खाल्डाखुल्डी पुर्ने गर्नुपर्दछ । यस्तै जिल्लामा गत आवमा २६८ मा स्क्रफटाइफस रोगको सङ्क्रमण देखिएको छ । तीन हजार २८६ जनाको परीक्षणका क्रममा उनीहरूमा स्क्रफटाइफसको देखिएको हो । आव २०७७/७८ मा दुई हजार २९० जनाको परीक्षणका क्रममा ३१८ मा स्क्रफटाइफस देखिएको थियो । स्क्रफटाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ । स्क्रफटाइफसमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुनु, खोकी, वान्ता, पेट दुखाइ र पखाला सताउनु, श्वास फेर्न समस्या हुनु, धेरै टाउको दुख्नु, जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने गर्दछ ।

यस रोगबाट बच्न खेत, झाडी वा वनजङ्गलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मल्हमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने ढकालले बताउनुभयो । रासस

# महानगरमा एक वडा : एक नमूना विद्यालय

काठमाण्डु । काठमाण्डु महानगरपालिकाले एक वडा : एक नमूना कार्यक्रम अन्तर्गत छनोट गरिएका सामुदायिक विद्यालयमा प्रत्येक विद्यालयलाई कुनै एक विषयको केन्द्र (हब) बनाउन थालेको छ ।

दुई वर्षअघि सञ्चालित नमूना विद्यालय कार्यक्रमका लागि महानगरपालिकाले प्रत्येक वडाबाट छनोट भएका कूल ३२ सामुदायिक विद्यालयलाई प्रतिविद्यालय रु रु दुई लाखका दरले वार्षिक अनुदान दिएको छ भने उक्त अनुदान बढाउँदै लाने योजना बनाएको छ ।

काठमाण्डु महानगरपालिका–२९ स्थित नमूना छनोट भएको विजय स्मारक माध्यमिक विद्यालयमा आज आयोजित शैक्षिक योजनासम्बन्धी अभिमुखीकरण कार्यक्रममा महानगरका शिक्षा विभागका प्रमुख रामप्रसाद सुवेदीले नमूना विद्यालयबाट अन्य विद्यालयले असल अभ्यास र प्रयोग सिकेर शैक्षिक उपलब्धि बढाउन सक्ने बताउनुभयो ।

महानगरले विजय स्मारक माविलाई शैक्षणिक योजना, वार्षिक कार्यतालिका, एकाइ पाठयोजना, दैनिक पाठयोजना, एकीकृत पाठ्यक्रम, मूल्याङ्कन पद्धति, शिक्षक सुधार योजनालगायतका विषयमा हब बनाउने नीति लिएको छ । सो विद्यालयका शिक्षक सुलोना केसी र सुनिता लामाले ती विषयमा विद्यालयबाट आधारभूत तहमा भइरहेका शैक्षिक सुधारका क्रियाकलापबारे सहभागी अन्य विद्यालयका शिक्षकलाई अवगत गराउनुभयो भने विज्ञ प्रस्तोताका रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्व उपसचिव बोधराज निरौलाले शैक्षिक उपलब्धि सुधारका उपायबारे प्रशिक्षण दिनुभएको विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्माले जानकारी दिनुभयो ।

स्थानीय ज्ञान विकास आवासीय विद्यालयका तर्फबाट पनि प्रस्तुतीकरण गराइएको थियो ।रासस

# ‘बोरिङ खन्ने क्रममा लेदोसहितको ग्यास निस्कियो’

काठमाण्डु । काठमाडौँको जोरपाटीमा बोरिङ खन्ने क्रममा ग्याससहितकोलेदोमाटोनिस्किएको छ ।

स्थानीय सन्तवीर लामाको



घरमा बोरिङ खन्ने क्रममा बिहान ९:३० बजेको समयमा लेदो माटोसहितको फोहरा निस्किएको प्रहरीले जनाएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जोरपाटी चोक नजिक बिहान ३०० फिट खनेपछि सुरुमा ग्यासजस्तो पदार्थ देखिएको र पछि लेदो मिसिएर आएको जानकारी दिनुभयो ।

उहाँका अनुसार यो क्रम अहिले पनि जारी रहेको छ । यसरी निस्किएको फोहरा घरभन्दा माथि पुगेकाले वरपरका अन्य केही घरमा समेत लेटोमाटो पुगेको छ ।

उक्त घटनाको अनुसन्धानका लागि खानी तथा भूगर्भ विभागका अधिकारीलाई बोलाइएको प्रहरीले जनाएको छ । अहिले सो क्षेत्र सुरक्षा सतर्कता अपनाइएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# न्यायालयमा शुद्धता आवश्यक

नेपालमा पछिल्लो पटक पाँच जना न्यायाधीश भ्रष्टाचारको अभियोगमा बर्खास्त भएका छन् । न्यायसम्पादनको क्रममा अनुचित लाभ लिएर प्राकृतिक सिद्धान्त विपरीत फैसला गरेकाले न्यायाधीशहरु बर्खास्त भएका छन् । देशमा सर्वाधिक भ्रष्टाचार हुने अड्डाहरु मध्ये कतिपयले न्यायालयलाई सबै भन्दा माथि राख्ने गरेका छन् । सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शम्सेर जबरामाथि महाअभियोग लागेको छ । हाल उनी निलम्बनमा छन् । चोलेन्द्र शम्सेरले देशको राजनीतिलाई नै विकृत बनाएका थिए । मोलजोलको आधारमा उनले देशको सत्ता परिवर्तन समेत गराएका थिए । राणाको कारण देशको राजनीतिमा मात्र विकृति देखिएन् । न्यायालय भ्रष्टाचारमा चुर्लुम्म डुबे । त्यसको बाछिटा जिल्ला सम्म नै परेको छ । जिल्ला अदालतदेखि सर्वोच्च अदालत सम्म भ्रष्टाचारले सबै सीमा नाघेको छ । न्यायपालिकामाथिको जनआस्था हटेको छ । प्रधानन्यायाधीश नै भ्रष्टाचारमा लिप्त भएपछि अन्यको विषयमा धेरै कोट्याउनुपर्ने आवश्यकता नै छैन् । आमनागरिकले सबै ठाउबाट निराश भएपछि न्यायका लागि अदालत जाने गर्छन् । तर त्यहाँ हुने न्यायको खरिद बिक्रिमा सहभागी हुन नसक्नेले थप निराश हुन्छन् । देशको सबै संयन्त्रलाई दुरुस्त राख्ने वास्तविक निकाय राजनीति हो । कार्यपालिका स्वतन्त्र, निष्पक्ष र भ्रष्टाचारमुक्त नभए सम्म न्यायलयको भ्रष्टाचार पनि रोकिन सक्दैन् । भागबण्डाको आधारमा न्यायाधीश नियुक्त गरिन्छ । वकालतमा सर्वाधिक कमजोरहरु मध्येकाले लेनदेन गरेर भागबण्डामा पर्छन् । उनीहरु न्यायसम्पादनको गंभीर जिम्मेवारी पाउने गर्छन् । त्यसकारण न्याय सर्वसधारणको खरिद गर्ने क्षमता भन्दा टाढा जान्छ । कार्यपालिकाको विकृति र भ्रष्टाचारलाई निष्पक्ष र भ्रष्टाचारमुक्त न्यायलयले नियन्त्रण गर्न सक्छ । एक अर्कासित दुबै अन्तर सम्बन्धित छ । न्यायाधीशको नियुक्ति नै राजनीतिक दलका नेताहरुले भागबण्डामा परे अनुसार गर्छन् । कोही आफ्न्तलाई न्यायाधीश बनाउँछन् । कोहीले मोटो रकम लिएर न्यायाधीशमा नियुक्ति गराउछन् । यो नौलो विषय होइन् । विगतमा पनि यस प्रकारको विकृति थियो । पछिल्लो समयमा सर्वोच्च अदालतकै कयौं प्रधानन्यायाधीश विवादमा परेर अवकास अगावै राजीनामा दिनु परेको हो । यस्ता घटनाहरुले न्यायालयलाई अत्यन्त विवादास्पद र भ्रष्ट रहेको पुष्टिका आधारहरु खडा गरे । न्यायाधीशहरु भ्रष्टाचारमा लिप्त हुनुको एउटा महत्वपूर्ण कारण उनीहरुमाथि अख्तियार लगायतका कुनै निकायले सम्पत्तिको खोजबीन नगर्नु पनि हो । भ्रष्टाचार गरेकै ठहर भए पनि आचरण विपरीत कार्य गरेको अथवा आचरण ठिक नदेखिएका अथवा खराब आचरण भएको कारण न्यायपरिषद्ले बर्खास्त गर्छन् । पदीय मर्यादा विपरीतको आचरण गरे उनीहरुलाई बर्खास्त गरेर सम्पूर्ण सम्पत्ति लगायतका विषयहरुमा स्वतन्त्र र निष्पक्ष छानबिनगरी त्यसमा दोषी देखिए हदै सम्मको कारवाही गर्नुपर्छ । न्याय सम्पादन गर्ने न्यायाधीशले नै भ्रष्टाचार गरेपछि अन्यहरुको भन्दा कडा कारवाही गरिनु पर्ने, भ्रष्टाचारगरी जोडिएको सम्पत्ति जफ्त गरिनु पर्ने, जेल सजाय लगायतका सजायहरु हुनुपर्ने कडा कानून बनाइनु पर्छ । न्यायालयबाट न्याय पाउने जनविश्वास समाप्त गर्नेहरुलाई कानूनको दायरामा ल्याएर हदै सम्मको कारवाही हुने कानून सरकारले तत्काल बनाउनु पर्छ ।

# अब फेरि सचेत हुने बेला आएकै हो कि ?



**सञ्जय साह मित्र**

अहिले देशको आर्थिक अवस्थाको विषयमा धेरै टिका टिप्पणी भइरहेका छन् । कतैबाट श्रीलंकाको जस्तो हालत हुने आशंका गरिरहेका छन् त कतैबाट यो देशको अर्थतन्त्र बजारमा हल्ला भएजस्तो गम्भीर भइनसकेको र नियन्त्रणमा नै रहेको बताइरहेका छन् । सर्वसाधारणले देखेको एउटै कुरो के छ भने बैंकले सहज तरिकाले ऋण दिन मानिरहेको छैन । बैंकले सहज तरिकाले ऋण नदिँदा बैंकबाट ऋण लिएर नियमित आर्थिक कारोबार गर्नेहरुलाई समस्या भइरहेको छ । यसको असर केही हदसम्म गाउँमा पनि देखिएको छ । खेतलाई बैंकमा राखेर ऋण लिएर घरपरिवार चलाउँदै आएका, छोराछोरीको पढाइ वा बिहेमा लगानी गर्दै आएका तथा अन्य काम गर्दै आएका साधारण मानिसहरुलाई भने ऋण प्रवाहमा आएको सुस्तताले केही असर गरेको देखिएको छ ।

अहिले केही देशमा कोरानाको संक्रमणको गति फेरि केही बढेको छ । भारतमा पनि कोरोना संक्रमण बढेको देखिन्छ । नेपालमा पनि बढेको देखिन्छ । नेपालमा केही हप्तादेखि बढ्न थालेको कोरोना संक्रमणको ग्राफ गत सोमवार एकैचोटि निकै धेरै देखिएको थियो । कोरोना संक्रमण बढ्दै गरेका देशहरुमा मानवीय क्षति हुने गरेका पहिलेका दृष्टान्तहरु पनि रहेका छन् ।

कोरोनाको संक्रमण बढ्दै गर्दा नेपालकै एउटा महानगरले हालै अत्यावश्यक कामबाहेक घरबाट ननिस्कन अनुरोध गरेको समाचार पनि आएको छ । अब विस्तारै समाचारहरुमा कोरोनाले फेरि ठाउँ लिन थालेको छ । कोरोनाको संक्रमण कसरी हुन्छ र यसबाट कसरी बच्न सकिन्छ भन्ने बारेमा आम नेपालीले करिब करिब बुझिसकेको अवस्था रहेको छ । नबुझ्ने वा जान्दै नजान्ने निकै कम होलान् । सबै नेपालीले बुझिसकेका छन् भन्ने पनि होइन । अझै पनि गरिबी र निरक्षर नेपाली नागरिकमा कोरोना संक्रमणको कारण र बचाउको तरिका बारे धेरै कुरा पुग्न बाँकी नै छन् । अरुको देखासिकी गरेर तथा अरुले भनेजस्तो गरेर कोरोनाको बारेमा जान्ने वा बुझ्नेहरु धेरै छन् । कोरोनाको संक्रमण उच्च रहेको समयमा अधिकांश मानिसलाई सतर्क गराइन्छ । केही शिक्षित मानिसहरु आफैं पनि सतर्क हुन्छन् । केही मानिस बाध्यतामा परेर सतर्क भएको देखाउँछन् । केही मानिस बाध्यतामा शतर्क हुन पाउँदैनन् । सबै मानिसको परिस्थिति एक किसिमको हुँदैन । सबै मानिस एक किसिमको नहुने भएकोले सचेतना वा अन्य कुरामा पनि पार्थक्य पाइएजस्तै कोरोनासम्बन्धी बुझाइ र व्यवहारमा पनि पृथकता हुनुलाई स्वाभाविक मान्न सकिन्छ । कोरोना सम्बन्धी सतर्कताको बारेमा दुवै किसिमको भोगाइ भएकाहरुमा खासै भिन्नता रहेको पाइएको छैन । एक थरि यस्ता छन् जो एक वा दुई पटक विगतमा संक्रमित भइसकेका छन् र राम्रो भइसकेका छन् । अन्य कुनै असर नभएका तर सामान्य जीवन बिताइरहेका यस्ता पूर्व संक्रमितमध्ये केही अत्यन्तै सजग रहन्छन् र केहीलाई भने खासै कुनै मतलब भएको पाइएको छैन । यसै गरी अर्का थरि भने यस्ता छन् जसलाई पहिलेका कोरोना लहर हरुमा कोरोना संक्रमण भएको वा नभएको पत्ता नै लागेन । कोरोना संक्रमित भए पनि थाहा नभएको वा हुँदै नभएको पनि हुन सक्छन् । यस्तामा पनि केही मानिसले त्यस्तो कठिन परिस्थितिमा पनि कोरोना संक्रमण भएन भन्दै त्यो केही पनि होइन भनिरहेका छन् र केही मानिस यस्ता छन् जसले यो बुझेका छन् कि सतर्कता र सावधानीले गर्दा कोरोना संक्रमण नभएको हुँदा अहिले वा जुनसुकै समयमा पनि सजग हुनु जरुरी छ । आखिरमा कोरोनाले फेरि टाउको उठाइरहेको वर्तमान समयमा कोरोनाबाट सतर्क रहन जरुरी छ ।

विगतमा थाहा भएको भए पनि, थाहा नभएको भए पनि र कोरोना संक्रमणबाट केही समस्यामा परिसकेकाहरु समेतले आफू सचेत रहँदै यसको विस्तार हुनबाट रोक्नु जरुरी देखिएको छ । यो सतर्कता यस कारण पनि जरुरी देखिएको छ कि केही समाचारहरुमा यो कुरो पनि आइसकेको छ कि खोप लिएकाहरुले पनि सतर्कता अपनाउनु जरुरी छ । अर्थात् जसले कोरोना विरुद्धको खोप लगाइसकेका छन् वा जसले कोरोना विरुद्धको खोप लगाउन बाँकी छन्, ती सबैले समान स्तरको सतर्कता अपनाउनु जरुरी छ, समयमै सचेत हुनु आवश्यक छ ।

धेरै मानिस कोरोनालाई मानिसले गर्ने असरभन्दा अन्य क्षेत्रमा पार्ने प्रभावलाई देखेर वा भोगेर बढी डराएका थिए वा छन् पनि । अलिकति अर्थतन्त्रको बारेमा थोरै चर्चा माथि भइसकेको छ । कोरोनाको समयमा धेरै किसानको तत्काल बेच्नुपर्ने तरकारी बाली खराब भएर गयो, लगानी लागेको तर प्रतिफल नआएको अवस्थामा दोहोरो घाटा भएको थियो । विद्यालय तथा विश्वविद्यालयमा पढाइ भएको थिएन । शिक्षामा गम्भीर असर परेको देखिएको थियो । कतिपयले मनोविज्ञानमा पनि असर परेको बताएका थिए । सर्वसाधारणको जीवन र दैनिकी प्रभावित भएको थियो । पर्यटन, होटल तथा व्यापार व्यवसायको क्षेत्रमा परेको असरको बारेमा त सबैले दिनदिनै थाहा पाइ नै रहेका छन् । अहिले पनि लयमा आउन नसकेको धेरैले बताइरहेका छन् । हो, कोरोनाको विस्तार भइरहेको वर्तमानमा कोरोनाले पहिले झैं खेतीपाती, व्यापार व्यवसाय, शिक्षा, पर्यटन जस्ता क्षेत्रमा कुनै असर पुऱ्याउन नपाओस् भनेर सचेत हुनु आवश्यक छ ।

हामी सबै भुक्तभोगी छौं, कृषि, व्यापार, शिक्षा, पर्यटन जस्ता विशिष्ट क्षेत्रमा कोरोनाले असर पार्दा त्यसको प्रभाव कसरी सबै क्षेत्रमा पुगेको छ । अझै पनि पत्रकारिता आफ्नो लयमा आउन सकेको छैन । धेरै पत्रिका बन्द भए, धेरै एफएम रेडियोमा पनि प्रत्यक्ष असर पऱ्यो, टेलिभिजन पत्रकारिता पनि प्रभावित भयो । अनलाइन पत्रकारिता भने फस्टाएको हो तर कोरोनाको कारणले भने होइन । कोरोना नभएको भए बरु अहिलेको भन्दा निकै राम्रो अनलाइन पत्रकारिताको अवस्था रहन्थ्यो होला ।

पत्रकारिताको मात्र कुरा होइन, पत्रकारितामा जोडिएको रोजगारीको कुरो प्रमुख छ । पत्रकारिता सँगसँगै अन्य पेसामा संलग्न धेरैले रोजगारी गुमाएका छन् । अहिले पनि धेरैले गुमाएको रोजगारीको पुनः अवसर पाउन नसकेको अवस्था छ । अझ कतिपय रोजगारमा त पहिलेभन्दा केही सुविधा, तलब वा भत्तामा कटौती पनि भएको सुनिएको छ । बेरोजगार हुनुभन्दा सानै भए पनि रोजगार हुनु जाती भनेर धेरै जना अल्झिरहेका छन् । कतिपय एनजिओ तथा आइएनजिओहरुले भने रोजगारीमा गरेको कटौतीले रोजगारका साथै समाजको अन्य क्षेत्रमा पनि प्रभाव परेको छ । समाजको समग्र क्षेत्र प्रभावित पार्ने कोरोना संक्रमणलाई सम्भव भएसम्म रोक्न मानवीय गतिविधिमा नै केही परिवर्तन गर्नु आवश्यक हुन्छ । यहाँ मानवीय गतिविधिमा नै केही परिवर्तन गर्नु आवश्यक हुन्छ भन्नुको तात्पर्य हामीले अर्थतन्त्र र आफ्नो दैनिकीमा खास परिवर्तन नगरीकन जो जहाँ र जसरी कार्यरत छौं, रहन्छौं र हुन्छौं, सोही अवस्थामा सम्भव भएसम्मको सतर्कताको निर्वाह गरिनु पर्छ भन्ने हो । अहिलेको अवस्थामा सर्वसाधारण नेपालीले अपनाउने सतर्कताले सबैभन्दा ठूलो औषधिको काम गर्ने कुरामा कुनै दुई मत छैन । नेपालीमा एउटा उखान छ - रोग लागेपछि औषधि गर्नुभन्दा रोग लाग्न नदिनु नै जाती । सबैले देखे र बुझेको तथ्य र सत्य दुवै हुन् - कोरोनाले नेपालमा पनि जन र धन दुवैको अपूरणीय क्षति पुऱ्याइसकेको छ ।

अब देशमा कोरोना फैलिन दिनु हुँदैन । कोरोना फैलियो भने अब हुने क्षतिले हामी र हाम्रो देश झन् धेरै पछाडि पर्ने निश्चित छ । युक्रेनमाथि रुसले गरेको आक्रमणको समयदेखि नेपालले भोगेको महँगी र त्यसको अन्य प्रभावले नेपाल र नेपालीको अवस्था कस्तो छ, सबैले बुझेकै छौं ।

अबको घडीमा यदि कोरोनाले फेरि विस्तार पायो र यसले क्षति पुऱ्याउने अवस्था आयो भने हाम्रो लागि निकै पीडादायी हुन्छ । यसर्थ कुनै पनि हालतमा हामी सतर्क हुनै पर्छ । सतर्कता अपनाउन सबैभन्दा ठूलो भूमिका शिक्षित वर्ग, समाजका अगुवा वर्ग र आफूलाई जिम्मेवार ठान्ने वर्गको हुन्छ ।

यसकारण जुनसुकै क्षेत्र वा तहका कर्मचारी तथा शिक्षित वर्गले अहिलेदेखि नै आफू अगुवा बनेर आफूलाई उदाहरणको रुपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता रहेको छ । केही दुरी बनाउनु पर्ने, मास्क लगाउनु पर्ने, खोक्दा सतर्कता अपनाउनु पर्ने, आफ्ना प्रवचन वा लेखाइ वा सामाजिक सञ्जालमा कोरोनाबारे त्रास होइन सतर्कता अपनाउने किसिमले व्यवहार गर्नु उचित छ ।

# स्वाद अथवा गन्ध छैन ? 'बीए.५' पो होकी ?



**डा शेरबहादुर पुन**

नेपालमा केहि दिन अगाडि ओमिक्रोन भेरियन्टको पछिल्लो पुस्ता 'बिए.५' उपप्रजातिको पुष्टि भएको छ। लेखकले यो भाइरसलाई 'अल्ट्राफास्ट भाइरस' को उपनाम दिएको छ। किनभने यो अहिलेसम्मकै कोरोना भाइरसहरु मध्यमा छिटो फैलन सक्ने क्षमता भएको भाइरस मानिएको छ ।

तेस्रो लहरको कारक मानिने ओमिक्रोनको लक्षणहरु फ्लूसँग धेरै मिल्दो जुल्दो थियो। ओमिक्रोन लहर भन्दा अगाडि स्वाद वा गन्धमा देखिएको समस्याको आधारमा कोरोना छुट्याउन धेरै हदसम्म सहज हुने गर्दथ्यो यद्धपि पुष्टि भने पिसीआर प्रविधिबाट नमुनाको परिक्षण गरेपछि नै हुने हो ।

पछिल्लो समय विश्वमा ओमिक्रोन भेरियन्टको पछिल्लो पुस्ताहरु 'बिए.४' र 'बिए.५' उपप्रजातिहरुले अघिल्लो पुस्ताका उपप्रजातिहरुलाई तिब्र विस्थापित गर्दै गैरहेको छ। 'बिए.४' र 'बिए.५' पनि ओमिक्रोन भेरियन्ट नै भएकोले अधिकांश लक्षणहरु मूल ओमिक्रोनमा जस्तै देखिने गरेको छ र यो स्वाभाविक पनि मानिन्छ ।

तर नेपालमा फ्लूले पनि केहि दिन यता विस्तारै आफ्नो उचाई लिँदै गर्दा तेस्रो लहरमा जस्तै संक्रमितहरुमा 'कोरोना कि फ्लू' भन्ने अन्यौलतामा रहनु पर्ने देखिनेछ। तर चाखलाग्दो कुरा के छ भने तिब्र गतिमा फैलदै गैरहेको 'बिए.५' संक्रमितमा पनि स्वाद अथवा गन्धमा ह्रास हुने समस्या देखिएको भन्ने जानकारीहरु आइरहेका छन् ।

फ्रेन्च स्वास्थ अधिकारीहरुले हालै प्रकाशित गरेको जानकारी अनुसार 'बिए.४' र 'बिए.५' संक्रमितहरुमा मूल ओमिक्रोनमा भन्दा बढी 'स्वाद अथवा गन्धमा' ह्रास देखिने समस्या देखिएको भनेका छन्। केहि दिन अगाडि एक कोरोना संक्रमित युवाले आफूले स्वाद थाहा पाउन छोडेको भनेर लेखकलाई भनेका थिए। लेखकले यस्तो समस्या दोस्रो लहर पछि पहिलो पटक सुनेको हो। केहि संक्रमितले अत्यधिक पसिना आउने सिकायत समेत गरेका थिए। यी दुइ थप लक्षणहरु 'बिए.४' र 'बिए.५' संक्रमितहरुमा देखिने गरेको विभिन्न देशका स्वास्थकर्मीहरुको भनाइ पनि रहेका छन् ।

कोरोनाको हलमार्क मानिने 'स्वाद अथवा गन्ध थाहा नपाउने समस्या' ओमिक्रोनको लहरसंगै ब्रेक लागेको थियो। तर ओमिक्रोन भेरियन्टको पछिल्लो पुस्ता 'बिए.५' को उदयसँगै 'स्वाद अथवा गन्धमा ह्रास हुने समस्या'ले कम्ब्याक गरेको त होइन भन्ने प्रश्न/ जिज्ञासा उब्जाएको देखिन्छ। यदी यसो हो भने कोरोनालाई फ्लू/रुघाखोकीबाट छुट्याउन केहि सहज भने हुनेछ। तर कतिपयले 'स्वाद अथवा गन्ध थाहा नपाउने समस्या' खासै नदेखिएको पनि भनेका छन। तसर्थ 'बिए.५' ले 'स्वाद अथवा गन्ध थाहा नपाउने समस्या' देखिने/ नदेखिने स्पष्ट हुन अरु केहि समय कुर्नु पर्ने भने देखिन्छ ।

अहिले कोरोना संक्रमितहरुमा मुख्यतय घाँटी दुख्न/असहज हुने, नाकबाट पानी बग्ने/ बन्द हुने, थकित हुने, खोकी लाग्ने, ज्वरो/जाडो हुने, टाउको तथा शरीरका मांशपेशीका दुख्ने जस्ता समस्याहरु देखिएका छन्। यी बाहेक थप स्वाद अथवा गन्ध थाहा नपाउने तथा अत्यधिक पसिना आउने भएमा त्यो 'बिए.५' को संक्रमण पनि हुन सक्नेछ ।

(डा शेरबहादुर पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिट संयोजक हुन्।) सौजन्य :स्वास्थ्य खबर

# विद्यार्थीलाई दिइने शारीरिक यातनाले मानसिक समस्या निम्त्याउँछ ?

**स्वेच्छा राउत**
**बीबीसी न्यूज नेपाली**

सोशल मिडियामा भाइरल एउटा भिडिओमा केही विद्यार्थीहरू हात र खुट्टा भुइँमा टेकेर पिटाइ खाने पालो पर्खिरहेका देखिन्छन्। हातमा रुलर बोकेका एक व्यक्ति उनीहरूलाई गाली गर्दै पालैपालो शरीरको पृष्ठभागमा प्रहार गरिरहेका देखिन्छन् ।

ललितपुरस्थित युनाइटेड एकेडेमी परिसरभित्र खिचिएको दाबी गरिएको भिडिओ रेडइट र ट्विटरलगायत सोशल मिडियामा भाइरल भएपछि कतिपय मानिसले आक्रोश व्यक्त गर्दै विद्यालयलाई कारबाहीको माग गरेका छन् ।

विद्यालयको नाममा रहेको एक ट्विटर ह्यान्डलमा उक्त भिडिओ २०६९ सालको भएको र माफी माग्दै लेखिएको छः "विद्यालय प्रशासनको अनुमतिबिना कर्मचारीले त्यस्तो व्यवहार गरे। हाल विद्यालयमा त्यस्तो सजाय प्रतिबन्धित छ र शैक्षिक र व्यावसायिक परामर्शदाताले हाम्रा विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा मार्गदर्शन गर्छन् ।"

बीबीसीले उक्त भिडिओ र ट्विटर प्रतिक्रिया विद्यालयकै भएको पुष्टि गर्न सकेको छैन। विद्यालयमा पटकपटक सम्पर्कको प्रयास गरिए पनि कुनै जबाफ दिइएको छैन ।

अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन।शैक्षिक संस्थाहरूमा विद्यार्थीलाई दिइने शारीरिक यातनाबारे सार्वजनिक बहस सुरु भएको यो पहिलो पटक भने होइन । गत असार २२ गते बागलुङको ढोरपाटन नगरपालिका-२ स्थित न्यू मोर्डन एकेडेमी अध्ययनरत एक विद्यार्थी टाउको र शरीरका विभिन्न अङ्गमा चोट लागेपछि विद्यालयमै बेहोस भएको विवरण आएका थिए ।

विद्यालय र अभिभावकबीच लिखित सम्झौता भएपछि कक्षा नौमा अध्ययनरत ती विद्यार्थी विद्यालय फर्किएका छन्। यद्यपि उनले जे भोगे त्यसको प्रभाव नकारात्मक हुने नगरपालिकाका शिक्षा शाखा प्रमुख ज्ञानेन्द्र सापकोटा बताउँछन् ।

सापकोटाले भने, "त्यसपछि हामीले नगरभरका सम्पूर्ण विद्यालयहरूमा शारीरिक दण्डमा रोक लगाउन सचेतना कार्यक्रम अघि बढाएका छौं ।"विद्यालयका प्रधानाध्यापक दीपक कुँवर भन्छन् "कक्षा सञ्चालन भइरहँदा चलिरहेको प¤ ामा विद्यार्थीले स्यानिटाइजरको बट्टा फाल्दा त्यो बट्टाले लागेर शिक्षकको टाउकोमा टाँका नै लगाउनुपऱ्यो। त्यसैले म आक्रोशित भएँ र उसलाई सजाय दिएको हुँ ।"

"तर मैले जे गरेँ, त्यो अलि बढी भएछ। उसले त गल्ती गऱ्योगऱ्यो, मैले पनि गरेँ।"उक्त घटनापछि आफूले विद्यार्थी पक्षसँग माफी मागेको र विद्यालयमा शारीरिक सजाय प्रतिबन्धित गरेको उनले बीबीसीलाई बताएँ।अब हामी नैतिक शिक्षा र आलोचनात्मक सुझावहरूमा बढी जोड दिन्छौं, कुँवरले भने।

मनोचिकित्सक एवं मनोपरामर्शदाताले त्यस्तो यातनालाई नकारात्मक सजायको रूपमा व्याख्या गरेका छन्। जसले विद्यार्थीहरूलाई शारीरिक पीडा मात्र नभई मानसिक तनावमा पार्ने उनीहरूको भनाइ छबालबालिकासम्बन्धी ऐन २०७५ को दफा ७ उपदफा ५ अनुसार त्यस्तो कार्य गैरकानुनी हो । ऐनमा भनिएको छः "प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक तथा शिक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।" मनोवैज्ञानिकहरूले यातनालाई विद्यार्थीलाई शारीरिक पीडा मात्र नभई मानसिक तनावमा पार्ने नकारात्मक सजायको रूपमा व्याख्या गर्छन्।

**कस्तो असर पर्छ ?**

बालमनोचिकित्सक डा. अरुणराज



कुँवरका अनुसार विद्यालयमा दिइने शारीरिक यातनाहरूले बालबालिकालाई पढाइप्रति वितृष्णा जगाउँछ। त्यसले गर्दा उनीहरूमा विद्यालय जान नमान्ने, शिक्षकहरूसँग अस्वाभाविक डराउने र आत्तिनेजस्ता समस्या देखिने कुँवरले बताए । उनी भन्छन्, "शारीरिक दण्ड भोगेका बालबालिकाहरूलाई घटनाको आघात हुन्छ जसका कारण मानसिक तनाव र चिन्ता बढ्छ ।" शारीरिक दण्ड भोग्नेलाई मात्र नभई देख्ने र त्यसबारे सुन्नेलाई समेत मानसिक रूपमा विचलित बनाउन सक्ने उनको भनाइ छ।

डा. कुँवर थप्छन्, "दण्ड सहनेलाई त गाह्रो हुन्छ नै, उसको वरपरका साथीहरूलाई समेत आघातको कारण बान्ता हुने , पेट दुख्नेजस्ता समस्या हुन सक्छन्। सिङ्गो कक्षाका विद्यार्थीहरू आत्तिन्छन् ।"

सिक्ने सिकाउने ठाउँमै यस्ता घटनालाई सामान्यीकरण गर्दा "हिंसा ठिकै छ" भन्ने कुरा स्थापित हुने र सामाजिक मनोदशा नै प्रभावित हुन सक्ने डा. कुँवरको तर्क छाबाल्यकालमा पर्ने मानसिक चोटको प्रभाव दीर्घकालीन हुने पनि उनले बताए।

**पीडाको रोष अरूमा**

शारीरिक दण्ड पीडित बालबालिकाले प्रायः आफ्नो शिक्षकसँग प्रतिवाद गर्न नसक्ने हुँदा पीडा दबाउँदा आक्रोश जाग्ने र त्यो अभिभावक वा साथीमाथि व्यक्त गर्ने बालमनोविद् पुष्पा अधिकारीको भनाइ छ ।

अधिकारी भन्छिन्, "आक्रोश पोख्दा अरूलाई गाली गर्ने, जिस्काउने, चर्को स्वरले बोल्ने वा हात हाल्नेजस्ता प्रवृत्ति देखिन्छ। प्रायः आफूभन्दा साना वा आफ्नो कुरा सजिलै सुन्ने मान्ने मानिसहरूसँग त्यस्तो व्यवहार देखाउँछन्।"दण्डका कारण मनोवैज्ञानिक असर भोगेका बालबालिकामा आत्मविश्वास वा आत्मबलको कमी हुने, त्रास र अरूप्रति अविश्वास बढ्ने उनले बताइन् ।

"मनोवैज्ञानिक रूपमा कमजोर हुँदा उनीहरूले कसैसँग प्रश्न सोध्न सक्दैनन्। निद्रामा समेत डराउने, काँप्ने, आफूविरुद्ध प्रयोग भएका गालीका शब्द अरूविरुद्ध प्रयोग गर्ने जस्ता समस्या देखिन्छ," अधिकारीले सुनाइन्।दण्डित विद्यार्थीहरू पीडादायी परिस्थिति दोहोरिने डरका कारण बहाना बनाउने र अन्तर्क्रियाबाट भाग्ने समस्या व्यापक रहेको उनले बताइन् ।

**समाधानका उपाय कस्ता ?**

औपचारिक शिक्षाको केन्द्र विद्यालयमा सिकाइका क्रममा हुने गल्तीलाई सामान्य ढङ्गमा लिइनुपर्ने र त्रुटि गर्दा सजायभन्दा बढी सुदृढीकरणमा जोड दिनुपर्ने अधिकारीको मत छ । अधिकारीका अनुसार "सजाय सकारात्मक पनि हुन सक्छ" जसअन्तर्गत थप कक्षाकार्य वा गृहकार्य, सरसफाइजस्ता थप कार्य पर्छन्। उनी भन्छिन्, "सही व्यवहार सिकाउने र गलत व्यवहार सच्याउने तरिका पनि सही नै हुनु पर्छ। पिट्नु भनेको यातना दिनु हो। त्यसले गलत काम गर्नेलाई सही दिशा दिन्छ भन्ने अपेक्षा गर्न मिल्दैन ।"गलत वा बेठिक काम गर्दा मैले यस्तो यस्तो जिम्मेवारी लिनुपर्छ भन्ने थाहा भयो भने हत्तपत्त गलत काम नै गर्दैनन्। गरिहाले पनि आफूले गर्नु पर्ने कार्यहरूबारे उनीहरू जानकार हुन्छन्। त्यसले पार्ने असर तुलनात्मक रूपमा कम हुन्छ," उनले बताइन् ।

शिक्षक र अभिभावक बीचको छलफलमा विद्यार्थी पनि सामेल गराउँदा उनीहरूले आफ्नो कमजोरी र सुधार्नुपर्ने विषयहरूबारे थाहा पाउने उनको कथन छ ।

**दृष्टिकोणमा परिवर्तन**

कतिपय अभिभावकले शिक्षकले विद्यार्थीलाई सजाय दिनुलाई सामान्य रूपमा स्वीकार्ने जानकारहरू बताउँछन्। यद्यपि त्यस्ता सजायहरूमा परम्परावादी दृष्टिकोणदेखि यौनजन्य दुर्व्यवहार वा हिंसाजस्ता विषयहरू जोडिने उनीहरूले बताएका छन् ।

मनोविद् अधिकारीले भने कसैको अनुमतिबिना कुनै पनि व्यक्तिको शरीरमा छुनु "हिंसासँग सम्बन्धित ठूलो समस्या भएको" बताउँछिन् डा. कुँवर शिक्षकले आफूसँग तर्सिने बनाउनु समस्याको समाधान नहुने बताउँछन्।उनी भन्छन्, "शिक्षक बन्नकै निम्ति विशिष्टीकृत तालिम लिएका वा पढेका मानिस कम छ। त्यसो हुँदा उनीहरूलाई बालबालिकाको पढाइ साथै मानसिक स्वास्थ्यको ख्याल कसरी राख्ने थाहा हुँदैन ।"

"सही तरिकाले उनीहरूको गल्ती महसुस गराउन र सही दिशानिर्देश गर्न परम्परावादी दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्छ । "शारीरिक यातनाविरुद्ध बोल्न र कानुनी उपचारको खोजी गर्न पनि डा. कुँवर सुझाव दिन्छन्।उनी भन्छन्, "शून्य सहनशीलताको नीति अपनाउनुपर्छ।"

# सडकका समस्या मिलेर समाधान गर्ने महानगर र मन्त्रालयबीच सहमति

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र काठमाण्डु महानगरबीच हालका लागि महानगरभित्रका सङ्घीय सडकमा समस्या आउँदा मन्त्रालयले नै समाधान गर्ने गरी सहमति भएको छ ।

भौतिक पूर्वाधारमन्त्री मोहम्मद इश्तियाक राई र महानगर प्रमुख बालेन्द्र साह सहभागी बैठकले सडक निर्माणमा समस्या आउँदा मिलेर समाधान गर्ने गरी सहमति भएको छ ।

महानगर क्षेत्रमा सार्वजनिक सवारी साधन व्यवस्थित गर्ने विषयमा समेत छलफल गरिएको मन्त्री राईले जानकारी दिनुभयो ।

मन्त्रालयले सङ्घीयता कार्यान्वयन नहुँदा यातायात व्यवस्थापनको सबै विषय मन्त्रालयले हेर्ने गरेकामा अहिले अन्तर प्रदेशको यातायात मात्रै मन्त्रालयको कार्यक्षेत्रमा रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सवारीसाधन सुरक्षित बनाउन जिपिएस जडान गर्ने हाम्रो चाहना छ ।"

महानगरका क्षेत्रभित्र पर्ने सडक आगामी दिनमा महानगरले नै हेर्ने भए पनि हाल सङ्घीय सरकारले नै हेरिरहेको मन्त्री राईले बताउनुभयो । उपत्यकाभित्र ४०० किमी सडक सङ्घीय सरकारको अधिकारमा रहेको र त्यसमा समस्या भएमा समाधान गरिने उहाँले बताउनुभयो ।

मन्त्री राईले मन्त्रालयको कार्यभार सम्हाल्दा मन्त्रालयका पुराना ठेक्काको समस्या समाधानका लागि एउटा समिति र चालक अनुमतिपत्र, इम्बोस्ड नम्बर प्लेट जडानलगायत यातायात क्षेत्रको समस्या समाधानका लागि अर्को समिति बनाउनुभएको थियो ।


सोही दिन १५ दिनमा प्रतिवेदन दिने गरी समिति बनाइएको र तिनले काम गरेर आज वा भोलि प्रतिवेदन ल्याउने तयारी गरिरहेको उहाँले बताउनुभयो ।

सवारी चालक अनुमतिपत्र त्यही दिन वा भोलिपल्ट नै सेवाग्राहीले पाउने गरी तयारी भइरहेको मन्त्री राईले बताउनुभयो । सम्बन्धित प्रदेशले नै छपाइ गर्दा चाँडो छापिन सक्ने उहाँले बताउनुभयो ।

सुदूरपश्चिम र कर्णाली प्रदेशमा एउटा र गण्डकी र लुम्बिनी एउटै गरेर पनि छपाइ गर्न सकिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "ड्राइभिङ लाइसेन्स पढ्ने उपकरण पनि सबै ट्राफिक कार्यालयलाई उपलब्ध गराइनेछ ।" रासस

# राष्ट्रिय आवश्यकतालाई परिपूर्ति गर्ने गरी विकास निर्माणको खाँचो छ : प्रधानमन्त्री देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय आवश्यकतालाई परिपूर्ति गर्ने गरी विकास निर्माणको खाँचो रहेको बताउनुभएको छ ।



नेपाल इन्जिनियर्स एशोसिएशनद्वारा मंगलबार राजधानीमा आयोजित ६०औं इन्जिनियर दिवस समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले देशलाई समृद्ध बनाउन सडक, पुल, पुलेसा, नहर जलविद्युत् आयोजना तथा सूचना र प्रविधिको विकासको आवश्यकता रहेको बताउनुभयो ।

प्रधानमन्त्री देउवाले लागत किफायती, गुणस्तरीय र वातावरणमैत्री पूर्वाधार निर्माण गर्नुनै नयाँ नेपालको आधारशिला भएकाले त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले मुलुकको वर्तमान आवश्यकतालाई मध्यनजर गरी इन्जिनियरहरुले दिगो, वातावरणमैत्री र जनताको जीवनयापनमा गुणस्तर वृद्धि हुने गरी कार्य गर्न आवश्यक भएको बताउनुभयो ।

नवीनतम विज्ञान र प्रविधिलाई देश सुहाउँदो हुने गरी आवश्यक पूर्वाधार निर्माणका माध्यमबाट देशलाई समृद्ध बनाउन इन्जिनियनरहरु आगामी समयमा थप क्रियाशील हुनुपर्ने आवश्यकता रहेको प्रधानमन्त्री देउवाको भनाइ थियो । प्रधानमन्त्री देउवाले राष्ट्रिय विकास र आर्थिक समृद्धिको बाटो कोर्न, जनताको आवश्यकता, चाहना र विश्वको अनुभव तथा रोजाइको परिकल्पनाअनुसारको विकास निर्माणमा अग्रणी भूमिका निर्वाह गर्दै आएका इन्जिनियरहरुको आधुनिक राष्ट्र निर्माणमा योगदान रहेको पनि उल्लेख गर्नुभयो । उहाँले इन्जिनियरलाई थप क्षमतावान बनाउनका लागि सम्बन्धित मन्त्रालयसँग छलफल गरेर आवश्यक सहयोग गर्न सरकार तयार रहेको छ भन्नुभयो । उहाँले पेशागत र व्यावसायिक मर्यादालाई कायम राख्न इन्जिनियरलाई अनुरोध पनि गर्नुभयो । प्रधानमन्त्री देउवाले इन्जिनियर हरुले मुलुकको विकास निर्माणमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । उहाँले इन्जिनियर विकास निर्माणका अभियन्ता र परिवर्तनका संवाहक भएको बताउनुभयो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले मुलुकको आधुनिक विकासको खाका कोर्न प्रयत्नशील क्षमतावान र ऊर्जाशील इन्जिनियरको योगदानको प्रशंसा गर्दै आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार निर्माणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले नेपाललाई विकासशील राष्ट्रको स्तरमा पुऱ्याउनका लागि दिगो संरचनाको निर्माण अनिवार्य रहेको र यसका लागि सरकारी तथा निजी क्षेत्रका इन्जिनियरको उच्च लगनशीलता तथा सहभागिता आवश्यक रहेको बताउनुभयो । उहाँले दिवसका सन्दर्भमा दिगो पूर्वाधार निर्माण कार्यमा गुणस्तरका विषयमा केही कुरा उठ्ने गरेको जानकारी दिँदै त्यसको निरुपण गर्ने दायित्व पनि इन्जिनियर र उहाँहरुका संस्थाको हुने स्मरण गराउनुभयो ।

आम नागरिकमा रहेको विकासप्रतिको चाहनालाई मूर्तरुप दिने इन्जिनियर/आर्किटेक्टको काँधमा महत्वपूर्ण जिम्मेवारी रहेको उल्लेख गर्दै एशोसिएशनका अध्यक्ष डा हरिबहादुर दर्लामीले जनताको आवश्यकतालाई सम्बोधन गर्न यस पेसामा कार्यरतको समस्यालाई पनि राज्यले सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# सन् २०३० सम्म ५० प्रतिशत फोहर पानी प्रशोधन गर्ने गरी संरचना बनाऔं : मन्त्री चौधरी

काठमाण्डु । खानेपानीमन्त्री उमाकान्त चौधरीले दिगो विकास लक्ष्य पूरा गर्न सन् २०३० सम्म ५० प्रतिशत फोहर पानी प्रशोधन गर्ने गरी संरचना बनाउन निर्देशन दिनुभएको छ ।

हाल तीन प्रतिशतमात्र फोहर पानी प्रशोधन भएको तथ्याङ्क सरकारसँग छ । आठ वर्षमा ४८ प्रतिशत फोहर पानी प्रशोधन गराउनु सरकारका लागि चुनौती छ ।

काठमाण्डु उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयले ललितपुरको धोबीघाटमा निर्माण गरिरहेको फोहर पानी प्रशोधन केन्द्रको आज अवलोकन गर्नुहुँदै उहाँले खानेपानीको माग धेरै आउने गरे पनि फोहर पानी प्रशोधनको माग कम हुने गरेको बताउनुभयो ।

फोहर पानी प्रशोधन गर्ने काममा अब सरकारले प्राथमिकताका साथ काम गर्नुपर्ने भनाइ सो अवसरमा मन्त्री चौधरीले राख्नुभयो । "जनसङ्ख्या र सहरीकरण दुवै बढेको छ, अब ७५३ वटै स्थानीय तहमा फोहर पानी प्रशोधन केन्द्र निर्माण गर्नु आवश्यक छ, अहिले बनिरहेका धोबीघाटलगायत स्थानका प्रशोधन केन्द्र पनि समयमै निर्माण हुनुपर्छ", उहाँले भन्नुभयो ।

धोबीघाटमा हाल दुई वटा प्रशोधन केन्द्र निर्माण भइरहेको छ । यही जुलाई अन्तिममा एउटा केन्द्रको म्याद सकिँदैछ । यही महिनामा म्याद सकिने आयोजनाको हालसम्म २६ प्रतिशतमात्र भौतिक प्रगति भएको छ ।

अर्को आयोजनाको म्याद डिसेम्बर अन्तिममा सकिने जनाइएको छ । यो आयोजनामा करिब ८० प्रतिशत भौतिक प्रगति छ । सन्तोषजनक अवस्थामा रहेको यो आयोजना तोकिएकै समयमा सकिने भएको छ ।

दोस्रो आयोजना समयमै सकिए पनि केन्द्र सञ्चालनमा भने आउन नसक्ने भएको छ । पहिलो आयोजनासँगै दुवै आयोजना सञ्चालनको पूर्वाधारको संरचना पनि बन्न बाँकी रहेकाले चलाउन नसकिने जनाइएको छ । दुवैको काम समयमै सकेर प्रशोधन केन्द्र समयमै सक्न पनि मन्त्री चौधरीले निर्देशन दिनुभयो । आयोजनाको काम अघि बढाउँदा स्थानीयवासीसँग भएको प्रतिबद्धता पूरा गर्न पनि मन्त्री उहाँले निर्देशन दिनुभएको थियो ।

काठमाण्डु उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणाले काठमाडौं उपत्यकाका १८ नगरपालिकामा ३४ प्रतिशतमात्र ढल प्रणाली देखिएको बताउनुभयो ।

आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक राजेश कुशवाहाले धोबीघाटमा सात करोड ४० लाख लिटर पानी प्रशोधन गर्ने गरी केन्द्र निर्माण गर्न लागिएको बताउनुभयो ।

यसबाट आठ लाख आठ हजार जनसङ्ख्या लाभान्वित हुने उहाँले सुनाउनुभयो । फोहर पानी प्रशोधनबाट ग्यास निकाली त्यसबाट ३०५ किलोवाट प्रतिघण्टा क्षमताका दुई वटा जलविद्युत् आयोजना पनि सञ्चालनमा आउनेछ ।रासस

## संविधान कार्यान्वयनको दिशातर्फ देश अघि बढिरहेको छ : वरिष्ठ उपाध्यक्ष पोखरेल

विराटनगर । नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले संविधान कार्यान्वयनको दिशातर्फ देश अघि बढिरहेको बताउनुभएको छ ।

प्रेस चौतारी नेपाल प्रदेश नं १ कमिटीद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले नेपालको संविधान राष्ट्रिय सहमतिका आधारमा जारी भएको हो भन्नुभयो । वरिष्ठ उपाध्यक्ष पोखरेलले भन्नुभयो, "संविधान अपरिवर्तनीय होइन, आवश्यकता परेमा समयसापेक्ष संशोधन गर्न सकिन्छ ।"

आगामी सङ्घ र प्रदेशको निर्वाचनमा आफ्नो पार्टीले श्रेष्ठता हासिल गर्न दाबी गर्दै निर्वाचनमा एमाले एक्लै जान तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनमा स्थानीय आवश्यकतानुसार तालमेल हुनसक्छ ।"

वरिष्ठ उपाध्यक्ष पोखरेलले प्रदेश नं १ को नामकरण प्रदेशसभाको एकल अधिकारको विषय भएको चर्चा गर्दै यसका लागि साझा सहमतिका आधारमा सबैलाई स्वीकार्य हुनुपर्ने बताउनुभयो ।रासस

# तारागाउँको सम्पत्ति संरक्षण गर्न अन्तर्राष्ट्रिय सम्बन्ध समितिको चासो

काठमाण्डु ।सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले लामो समयदेखि बिवादमा रहेको तारागाउँ विकास समितिको सम्पत्ति संरक्षण व्यवस्थापनका लागि सरोकारवाला निकायको ध्यानाकर्षण गराएको छ ।

समितिको आज सिंहदरबारमा बसेको बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ र तरागाउँ विकास समितिका पदाधिकारीसँग छलफल गर्दै समिति मातहत रहेको जग्गा कौडीको भाउँमा निजी क्षेत्रलाई दिइएको राज्यको सम्पत्ति संरक्षण र व्यवस्थित गर्न आग्रह गरेको हो ।

समितिका सभापति पवित्रा निरौलाले बहूमूल्य सरकारी सम्पत्ति कौडीको भाउँमा निजी क्षेत्रलाई दिएर सरकारी सम्पत्तिको दुरुपयोग भएको भन्दै समितिको जग्गा संरक्षण र काम कारबाहीलाई प्रभावकारी बनाउन दीर्घकालीन गुरुयोजना बनाएर अघि बढ्न निर्देशन दिनुभयो । उहाँले राज्यको सम्पत्ति संरक्षण व्यवस्थापन गर्नका लागि समितिले दिएको पटकपटकको निर्देशन कार्यान्वयन नभएकामा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउनुभयो ।

विसं २०७५ मा नै समितिले तारागाउँका नाममा तीन महिना लामो अध्ययन गरी प्रतिवेदनमार्फत गम्भीर ध्यानाकर्षण गराएको निरौलाले स्मरण गराउनुभयो । त्यस सम्बन्धमा समितिले हालसम्म १४ पटक निर्देशन दिएको छ भने यस अवधिमा सात पर्यटनमन्त्रीले नेतृत्व गरेको भन्दै सभापति निरौलाले छानबिन समितिको प्रतिवेदन चाँडो टुङ्ग्याएर आगामी रणनीति तयार गर्न मन्त्रालयलाई निर्देशन दिनुभयो ।

नेपालको यो सम्पत्ति जगेर्ना गर्न सबै लाग्नुपर्छ, सरकारी सम्पत्ति फिर्ता गरी त्यहाँ कहीँ भ्रष्टाचार भएको पाइए समितिले निष्पक्ष छानबिन गरी प्रतिवेदन दिनुपर्छ', सभापति निरौलाले भन्नुभयो । उहाँले उक्त सम्बन्धमा छानबिन समितिको प्रतिवेदनपछि थप छलफल गरेर समितिले उपयुक्त निर्णय लिने बताउनुभयो ।

तारागाउँको जग्गाबारे छानबिन गरी सत्यतथ्य पत्ता लगाउन पर्यटन मन्त्रालयले मन्त्रालयका सहसचिव होमप्रसाद लुइँटेलको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो । उक्त समितिको समयावधि गत असार ३२ गतेसम्म रहेकाले छानबिनलाई अझ प्रभावकारी बनाउन साउन मसान्तभित्र प्रतिवेदन पेश गर्नेगरी समयावधि थपिएको मन्त्रालयले जनाएको छ ।

पर्यटनमन्त्री श्रेष्ठले लामो समयदेखि जटिल बनिरहेको तारागाउँको जग्गा र यसको समग्र अवस्थाबारे छानबिन गरी प्रतिवेदन तयार गर्न गठित समितिले काम गरिरहेको उल्लेख गर्दै साउनभित्रै समितिले प्रतिवेदन पेश गरेपछि सोही अनुरुप आवश्यक निर्णय लिइने बताउनुभयो । तारागाउँ विकास समितिको नाममा ३०४ रोपनी जग्गामध्ये १५० रोपनी ह्यात रिजेन्सी होटलको नाममा रहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । जसमध्ये ४९.७७ प्रतिशत तारागाउँको र ६०.३३ प्रतिशत निजी क्षेत्रको नाममा रहको छ । बाँकी १४८ रोपनी जग्गा होटलले लिजमा लिएको बताइएको छ । उक्त जग्गाको लिजमा दिएको कानुनी प्रक्रिया ढिक छकी छैन भनेर समितिले अध्ययन प्रतिवेदन दिनेछ ।

पर्यटनमन्त्री श्रेष्ठले सरकारको बहुमुल्य सम्पत्ति कसरी अहिलेको अवस्थामा पुग्यो भनेर यसरी जग्गा उपभोगमा दिएको कानुनीलगायत सबै प्रक्रियाको यथार्थ अध्ययन गरेर आवश्यक निर्णय लिइने उल्लेख गर्नुभयो । सांसदहरुले तारागाउँका सम्बन्धमा धेरै छलफल र निर्देशन दिइएको भए पनि सम्बन्धित निकायले कार्यान्वयन नगरेको भन्दै आपत्ति प्रकट गरेका छन् । उहाँहरुले समितिको नामको जग्गामा लामो बिवाद रहनुले त्यहाँ भ्रष्टाचार भएको अनुमान गर्न सकिने भन्दै निश्पक्ष छानबिन गरी दोषीलाई कानूनी कार्बाही गरिनुपर्ने खाँचो औंल्याउनुभयो ।

सांसद चाँदतारा कुमारीले सरकारी सम्पत्ति व्यवस्थापन गर्न मन्त्रालयले तत्काल कदम चाल्नुपर्नेमा जोड दिनुभयो । सांसद रेनुका गुरुङले समितिले पटकपटक गरेको निर्देशन सरोकारवाला निकायले कार्यान्वयन नगरेको भन्दै समितिको नाममा रहेको काठमाडौं, पोखरालगायत स्थानको जग्गाको सही सदुपयोग र संरक्षण गर्न गराउन मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद नारदमणि रानाले समितिको नामको बहुमूल्य जग्गा कौडीका भाउँमा निजी क्षेत्रलाई बुझाएको भन्दै तत्काल सम्पत्ति फिर्ता गरेर प्रभावकारी व्यवस्थापन गर्न आग्रह गर्नुभयो । सांसद मोहन बाँनियाले राज्यको सम्पत्ति संरक्षण गर्न मिनी संसद्को रुपमा रहेको समितिले पटक-पटक गरेको निर्देशन कार्यान्वयन नभएको गुनासो गर्नुभयो ।

सांसद देवप्रसाद तिमल्सिनाले तारागाउँको ३० वर्षदेखिको विवाद चाँडो समाधान गर्नेतर्फ सरोकारवालाक निकायको ध्यानाकर्षण गराउनुभयो । तारागाउँ विकास समितिका अध्यक्ष सुरेश जोशी र सदस्य सचिव महेन्द्र थापामगरले हालसम्मको प्रगतिबारे समितिलाई जानकारी गराउनुभएको थियो ।रासस

# सहमतिको आधारमा प्रदेशको नाम राख्न आग्रह

मोरङ । प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलले आफ्नो जिम्मेवारी बोध गरी सहमतिको आधारमा प्रदेशको नाम राख्न आग्रह गर्नुभएको छ ।

उहाँले साउन २० गतेभित्र प्रदेशको नामकरण हुने विश्वास व्यक्त गर्नुभयो । किरात राई यायोक्खाद्वारा आज यहाँ आयोजित अनुसन्धानमूलक प्राज्ञिक पुस्तक 'किरात सभ्यता'को लोकार्पण गर्दै यो सबैभन्दा परानो सभ्यता भएकाले यसको आधारमा प्रदेशको नाम किरात राख्नुपर्ने धारणा राख्नुभयो ।

प्रदेश नं १ का सभामुख प्रदीपकुमार भण्डारीले प्रदेशको नामकरणका लागि यही साउन ६ गते सर्वदलीय बैठकको आयोजना गरी सहजीकरण गर्ने बताउनुभयो । उहाँले दलहरुले देश र जनताका लागि दलीय स्वार्थभन्दा माथि उठी नामकरणमा सहमति कायम गर्नुपर्नेमा जोड दिनुभयो । सामाजिक विकासमन्त्री राजन राईले प्रदेशको नाम किरात राख्नु समय सान्दर्भिक रहेको छ भन्दै यसको अगाडि तथा पछाडि राखिने अन्य नामका सम्बन्धमा सकारात्मक पहल गर्ने विचार राख्नुभयो ।

खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री रामकुमार राईले प्रदेशको नाम दल एवं नेताको प्रतिबद्धताअनुसार किरात हुनुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका सचेतक सूर्यमा राईले नेकां पहिचान विरोधी नरहेको प्रष्ट पार्दै प्रदेशको नामका सम्बन्धमा सम्पूर्ण आएका नामका सम्बन्धमा गम्भीररुपमा छलफल एवं समन्वयकारी भूमिका खेली सहमति कायम गरिने विश्वास व्यक्त गर्नुभयो ।रासस

# पीडितको अपेक्षाअनुरुप संवेदनशील भएर कार्यसम्पादन गर्न निर्देशन

काठमाण्डु । प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिले पीडित महिलाको अपेक्षाअनुरुप थप संवेदनशील भएर कार्यसम्पादन गर्न राष्ट्रिय महिला आयोगलाई निर्देशन दिएको छ ।

उक्त समितिको आजको बैठकले महिलाको समग्र हित प्रवर्द्धन गर्ने उद्देश्यमा केन्द्रित भई प्रभावकारी कार्यसम्पादन गर्न निर्देशन दिएको समितिका सभापति निरुदेवी पालले जानकारी दिनुभयो ।

आयोगले महिला हकहित प्रवर्द्धन गर्न प्रयत्न गरिरहेका विभिन्न निकायसँग सम्पर्क, समन्वय बढाइ एकीकृत पहल गर्नसमेत नसकेको भन्दै आगामी दिनमा प्रभावकारी सहकार्य गर्न पनि समितिले आग्रह गरेको छ ।

साथै, महिला आयोग आफैंभित्र पनि समन्वय र सहकार्य गर्न नसकेको कारण प्रभावकारी कार्यसम्पादन हुन नसकेको र सम्पर्कमा आएका पीडित महिलाले आवश्यक न्यूनतम सहयोगसमेत प्राप्त गर्न नसक्नु दुःखको विषय रहेको समितिको ठहर छ ।

बैठकमा सांसद नारायणप्रसाद खतिवडा, विमला नेपाली, गङ्गा चौधरी, अमृता थापा, कृष्णबहादुर राईले आवश्यकताको हिसाबले राष्ट्रिय महिला आयोय अन्य आयोगभन्दा बढी महत्वपूर्ण रहेको हुनाले योजनाबद्ध तरिकाले आफ्नो कार्यसम्पादन गर्नतर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले विसं २०७८ साउन १ गतेदेखि २०७९ साल असार मसान्तसम्म महिलामाथि भएका विभिन्न हिंसाका एक हजार ४६४ घटना दर्ता भएको जानकारी गराउनुभएको थियो । जसमा सबैभन्दा बढी बागमती प्रदेशबाट घरेलु र महिला हिंसाका गरी एक हजार २७६ वटा घटना रहेका छन् ।रासस

# स्वास्थ्यको लागि खेल महत्वपूर्ण : खेलकुदमन्त्री

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले खेल जित्नको लागि मात्र नभई स्वास्थ्यको दृष्टिकोणले पनि उत्तिकै महत्वपूर्ण हुने बताउनुभएको छ । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) र अन्नपूर्ण ब्रसेल्स क्लबबीच आज भएको मैत्रीपूर्ण फुटसल खेलको उद्घाटन गर्दै मन्त्री गहतराजले शारीरिक विकासको लागि पनि खेलको महत्व छ भन्नुभयो । उहाँले नेपाली खेलकुदलाई वैज्ञानिक तवरले कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा छलफल भइरहेको बताउनुभयो । सातदोबाटोको च्यासलस्थित नेसनल स्पोर्ट्स सेन्टरमा आज सम्पन्न मैत्रीपूर्ण खेलमा खेलकुद पत्रकार मञ्चले अन्नपूर्ण ब्रसेल्सलाई ५-४ गोल अन्तरले पराजित गर्दै विजयी भयो ।

उक्त खेलमा अन्नपूर्ण ब्रसेल्स क्लबले दुई पटक अग्रता लिएको थियो । मञ्चको जितमा वासु अवाल र दिल तामाङले समान दुई/दुई गोल गरे भने अभिनव जोशीले एक गोल थपे । यता अन्नपूर्णका लागि भने सन्तोष खड्काले दुई गोल गर्दा नीराजन श्रेष्ठ र नरेश खड्काले १/१ गोल थपे । विजेता टोलीलाई नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वसदस्य एवं प्रशिक्षक राजुकाजी शाक्यले ट्रफी तथा मेडल प्रदान गर्नुभयो । मञ्चका अध्यक्ष देवेन्द्र सुवेदीले विदेशमा बसेर नेपाली हिमालको पहिचानसहित खेलकुद क्षेत्रमा योगदान गर्दै आएकोमा क्लबका सम्पूर्ण सदस्यको प्रशंसा गर्नुभयो ।रासस


## श्री त्रिभूवन आदर्श माध्यमिक विद्यालय

बिन्धी, धनुषा (नेपाल)

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री त्रिभूवन आदर्श मा.वि. बिन्धी नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डवरा (२०७९/४/१ - २०८४ आषाढ मसान्त) ५ वर्षको लागि निम्न सर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धित इच्छुक व्यक्तिहरुलाई ठेक्काको लागि फारम भर्न अनुरोध गरिन्छ ।

| क्र.सं. | ठेगाना | कि.नं./क्षे.फ. | न्यून्तम वार्षिक रकम | प्रयोजन | टेन्डर खरिद फारम दस्तुर | फारम वितरण मिति | फारम दर्ता अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जि.ध. ज.उ.म.न.पा. २३ | ८२४/- १-१२-१२ | १२१५५२५।- | माछा पालन | ५००/- | २०७९/४/५ २०७९/४/१५ | २०७९/४/१६ विहान १० बजे देखि दिउँसो २:०० बजे सम्म | |
| २ | जि.ध. ज.उ.म.न.पा. २३ | ४७/- ०-१६-१५ | २०५०००।- | माछा पालन | ५००/- | | टेण्डर खुल्ने समय २०७९/४/१६ गते दिउँसो २:३० बजे | |

**आवश्यक कागजात**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, बैंकको भौचर ।

१. कबोल गरेको ५ वर्षको कूल रकमको ५% रकम विद्यालयको ने.बैगलि. हि.नं. ००८००१००४६४१६४००००००१ मा जम्मा गरी सक्ने भौचर ।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नाम कै हुनु पर्छ ।
३. ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धनजमानतको आवश्यक कागजातसहित चलन पूर्जिको लागि निवेदन दिनु पर्नेछ । धनजमानी प्रक्रिया समाप्त भए पछि चलन पूर्जीको प्रक्रिया अगाडी बढाइनेछ । समयमा निवेदन नदिए ठेक्काको धरौटी रकम जफत गरी सो भन्दा घटी बालाको नाममा ठेक्का स्वीकृत हुने छ ।
४. कवोल गरेको रकमको कम्तीमा तिन वर्ष बमोजिम रकमको धन जमानी राख्नु पर्नेछ ।
५. पहिलो किस्ता समाप्त हुन १ महिना अगाडी अर्को किस्ताको रकमको बैंक भौचर सहित अर्को सालको चलन पूर्जिको लागि निवेदन दिनुपर्ने छ ।
६. तीन भन्दा कम टेन्डर भरिएमा टेन्डर खोल्ने मिति सारिनेछ । थप टेन्डर भर्न समय दिइनेछ ।
७. विद्यालयको रकम बाँकी र उक्त व्यक्तिसँग कारोवार गरको व्यक्तिको नाममा ठेक्का स्वीकृत हुने छैन ।
८. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सम्पर्क नं.** : ९८४४०२१२०९, ९८४४०२१८४५

**प्रधानाध्यापक**

# स्पेनमा प्रचण्ड गर्मी, नौ दिनमा पाँचसय दश जनाको मृत्यु

सिन्ह्वा

म्याड्रिड । स्पेनमा केही दिनदेखि प्रचण्ड गर्मी भएको छ। तातो हावाबाट धेरैजनाको ज्यान गइरहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार सोमबारसम्ममा तातो हावाबाट ज्यान जाने संख्या पाँचसय १० पुगेको छ । देशका विभिन्न भागको तापक्रम ४५ डिग्री सेल्सियससम्म पुगेको छ भने गर्मीका कारण मानिसको ज्यान जाने क्रम पनि रोकिएको छैन। यही जुलाई १० तारिखदेखि गर्मी सुरु भएको हो ।

गर्मीका कारण यहाँको जनजीवन निकै कष्टकर बनेको छ। स्वास्थ्य मन्त्रालयले तातो हावा सुरु भएको हप्ता जुलाई १० देखि १६ तारिखसम्ममा १५० जनाको ज्यान गएको जनाएको छ।

त्यसयता पनि तातो हावाको असरले ज्यान जाने क्रम नरोकिएको भन्दै अधिकारीले सोमबारसम्म ५१० को मृत्यु भएको बताएका छन् । गर्मीका कारण ज्यान गुमाउने अकिांशमा ज्येष्ठ नागरिक छन् । उनीहरुमध्ये ३२१ जना ८५ वर्षभन्दा माथिका नागरिक हुन् । गर्मी अझै बढ्ने अनुमान गरिएको र त्यसबाट ज्यान जानेको संख्या थप बढ्न सक्ने भन्दै सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयले सूचना जारी गरेको छ।

# सिन्धु नदीमा डुङ्गा दुर्घटना, तेइस जनाको मृत्यु

एएनआई

इस्लामाबाद । एकसय जनाभन्दा बढी विवाहका पाहुना बोकेको डुङ्गा रहिम यार खान शहर नजिक सिन्धु नदीमा डुब्दा २३ जनाको मृत्यु भएको छ भने २६ जना हराइरहेका छन् ।

राज्य सञ्चालित उद्धार सेवाका ३५ जना गोताखोर खोजी तथा उद्धारमा खटिएका र उनीहरुले ९० जनालाई उद्धार गरेका सरकारी अधिकारीले बताएका छन् । क्षमताभन्दा बढी यात्री बोकेका कारण डुङ्गा डुबेको अनुमान गरिएको छ ।

दुर्घटनामा ज्यान गुमाउने अधिकांशमा महिला छन् । आपत्काल व्यवस्थापन प्राधिकरणका अनुसार १९ जना महिलाको शव नदीबाट निकालिएको छ । डुङ्गामा धेरै महिला र बालबालिका सवार थिए। गत साता सरकारले निरन्तर वर्षा भइरहेकाले नदीतटमा नजान सर्वसाधारणलाई आग्रह गरेको थियो ।

# एन्फा बैठक बिहीबार



काठमाण्डु । अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय कार्यसमिति बैठक बिहीबार बस्ने भएको छ । सोमबार बस्ने तय भएको दोस्रो केन्द्रीय कार्यसमिति स्थगित भएको थियो । एन्फा अध्यक्ष पंकजविक्रम नेम्बाङ सोमबार बिरामी भएपछि मेडिसिटी अस्पतालमा भर्ना भएपछि बैठक स्थगित भएको थियो। उनी सोमबार नै अस्पतालबाट डिस्चार्ज भएका थिए । छोरालाई एन्फामा नियुक्ति दिलाउन गणेश थापाको कसरत बैठकका विभिन्न १७ एजेन्डमा छलफल हुँदैछ। सुरुमा लागि एन्फा सचिवालयले केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूलाई १२ वटा एजेन्डा पठाएको थियो।

महिला साफ च्याम्पियनसिप आयोजना, पदपूर्ति समिति, नेपाल सुपर लिग लगायतका एजेन्डा पठाएकोमा फेरि ७ एजेन्डा थप गरिएका छन्।

उपाध्यक्ष कुमार केसीले माग गरेका ५ वटा एजेन्डामा पनि बैठकमा छलफल हुँदैछ।

उनले एन्फाको विशेष साधारण सभा, महिला लिगको दोस्रो चरण आयोजना, राष्ट्रिय लिग आयोजना, सहिद स्मारणक ए, बी र सी डिभिजन लिगको मिति घोषणा र ललित स्मृति यू-१८ प्रतियोगिता आयोजनाको विषय थप गर्न माग गरेका थिए।

अर्का उपाध्यक्ष दीपक खतिवडाले माग गरेका दुई एजेन्डा पनि थपिएका छन्। उनले एन्फा प्रवक्ता र प्रमुख कार्यकारी अधिकृत (सिईओ) नियुक्तिको एजेन्डा थप्नु पर्ने माग गरेका थिए । यी एजेन्डामध्ये सिईओ नियुक्तिको विषय पेचिलो बनेको छ। भ्रष्टाचार गरेको ठहर गर्दै फिफाले प्रतिबन्ध लगाएका एन्फाका पूर्वअध्यक्ष गणेश थापाले आफ्ना छोरा गौरव थापालाई सिईओ बनाउन कसरत गरिरहेका छन्।

सिईओ नियुक्तको एजेन्डा थप गर्न माग गर्ने उपाध्यक्ष खतिवडा गणेश थापा निकट हुन्। उनीसहित वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का र उपाध्यक्ष विराटजंग शाही थापाको प्यानलमा छन्। तीनै उपाध्यक्षले अध्यक्ष पंकजविक्रम नेम्बाङको प्यानलमा रहेर निर्वाचन जितेका थिए। उनीहरूसँग थापाले लगातार छलफल गरेका थिए।

२०७२ को कात्तिकमा फिफाले पूर्वअध्यक्ष थापालाई १० वर्षको प्रतिबन्ध लगाउदा उनका जेठा छोरा गौरव थापा पनि अप्रत्यक्ष रुपमा उक्त केसमा मुछिएका थिए।

एसियाली फुटबल महासंघ (एएफसी) का तत्कालिन अध्यक्ष मोहमद बिन हमामले गौरवको खातामा एक लाख अमेरिकी डलर पठाएको समेत सार्वजनिक भएको थियो। त्यसपछि एएफसीका कर्मचारी गौरव जागिर छाडेर नेपाल फर्किएका थिए । गणेश थापाको कसरत र अध्यक्षमा प्रतिस्पर्धा गरेका कर्माछिरिङ शेर्पा समूहका कारण अध्यक्ष नेम्बाङलाई कार्यसमितिमा निर्णय गर्न दबाब छ। आफ्नै प्यानलबाट निर्वाचन जितेका उपाध्यक्ष तथा सदस्य पूर्वअध्यक्ष थापाका एजेन्डामा लागेका कारण नेम्बाङमाथि दबाब परेको हो।

त्यसो त नेम्बाङलाई निर्वाचन जित्नका लागि थापा पक्षको सहयोग थियो। निर्वाचनअघि आफ्नो पक्षलाई सिईओ र प्रवक्ता दिने सहमति भएको थापा पक्षको दावी छ । सिईओ लगायतको विषयमा नेम्बाङले दुवै पक्षसँग छलफल गरेका छन् । स्रोतका अनुसार नेम्बाङ पक्षले गणेश थापाका छोरा गौरवलाई सहमहासचिव दिनका लागि लचक भएको छ यद्यपी यो विषयमा सोमबार हुने एन्फा बैठकमा चर्को बहस हुने देखिन्छ।

कर्माछिरिङ पक्षबाट निर्वाचन जितेका पदाधिकारी तथा केन्द्रीय सदस्यले गणेश थापा पक्षको दवाबलाई समर्थन नगर्ने बुझिएको छ। यस्तै विधानविपरितका निर्णयमा शेर्पा समूहले आवाज उठाउने बताएको छ।

# दुर्घटनामा परी इजिप्टमा २२ को मृत्यु

सिन्ह्वा

कायरा । दुर्घटनामा परी इजिप्टमा मङ्गलबार कम्तीमा २२ जनाको मृत्यु भएको छ।

घटनामा अन्य ३३ जना घाइते समेत भएको स्थानीय अधिकारीहरूले जानकारी दिएका छन् । देशको दक्षिणी क्षेत्रमा पर्ने मिन्या प्रान्तमा घटना भएको जनाइएको छ।

राजधानी कायरो तर्फ आइरहेको बस दुर्घटनामा परी उनीहरूको मृत्यु भएको हो,' गभर्नर ओसामा अल क्वाडीले भनुभयो । दुर्घटनामा परेको बस देशको दक्षिणी प्रान्त सोहाकबाट हिडेको थियो । सडकमा रोकेर राखिएको ट्रकमा ठोक्किएर दुर्घटना भएको जनाइएको छ।

घाइतेहरूलाई एम्बुलेन्समा राखेर स्थानीय अस्पतालमा लागिएको छ । उनीहरूको अस्पतालमा उपचार भइरहेको छ। घाइते मध्ये केहीको अवस्था गम्भीर रहेको र अधिकांशको अवस्था समान्य रहेको चिकित्सकहरुले जनाएका छन् ।

राजधानी कायरो देखि २०० मिटर टाढा घटना भएको हो। इजिप्टमा यस्ता दुर्घटना बेला बेलामा भइरहने गरेका छन् । सडक तथा यातायातका साधनको बिग्रिएको अवस्था, चालकको लापरवाही लगायतका कारणले बढी दुर्घटना हुने गरेको हो।

# चीन-पाकिस्तान आर्थिक करिडोर अफगानिस्तानसम्म विस्तार गर्ने योजना

एएनआई

इस्लामाबाद । चीन-पाकिस्तान आर्थिक करिडोर (सिपिइसी) लाई अफगानिस्तानसम्म विस्तार गर्ने बारेमा पाकिस्तान र चीनले विचारविमर्श थालेका छन्। पाकिस्तानका विदेश सचिव सोहेल महमूद र अफगानिस्तानका लागि चीनका विशेष दूत यु सियाओयोङबीचको भेटवार्तामा क्षेत्रीय सम्पर्क सञ्जाल विस्तारका साथै आर्थिक विकासका निम्ति सिपिइसीलाई अफगानिस्तानसम्म विस्तार गर्नेबारेमा विचार आदानप्रदान गरेका थिए।

सिपिइसी चीनको विशाल परियोजना 'बेल्ट एण्ड रोड इनिसिएटिभ'को एउटा भाग हो । यो परियोजनाको मुख्य उद्देश्य दक्षिण-पूर्वीएशियाका तटीय देशमा ऐतिहासिक व्यापार मार्गलाई पुनःसञ्चालन गर्ने हो। विश्लेषक चीन र पाकिस्तानको यो योजना भारतको लागि सुरक्षा चिन्ताको विषय हुनसक्ने टिप्पणी गरेका छन् । दुवै पक्षले अफगानिस्तानको राजनीतिक एवम् सुरक्षा अवस्था, अफगानिस्तानलाई पाकिस्तान र चीनले गरेको मानवीय सहायता र आपसी हितका अन्य विषयमा विचारविमर्श भएको पाकिस्तानी विदेश मन्त्रालयले जनाएको छ।




# मलेसियामा कोरोना सङ्क्रमण वृद्धि, सात जनाको मृत्यु

सिन्ह्वा

क्वालालम्पुर । मलेसियामा पछिल्लो समय कोरोना सङ्क्रमितको सङ्ख्या थप बढेको छ । गएको २४ घन्टा यतामात्र यहाँ तीन हजारभन्दा बढी सङ्क्रमित थपिएका बताइएको छ।

मलेसियाको स्वास्थ्य मन्त्रालयले यहाँ तीन हजार ८० जनामा गएको २४ घन्टा यता सङ्क्रमण थपिएको जनाएको छ।

साथै सो सङ्क्रमणका कारण गएको २४ घन्टायता सात जनाको ज्यान पनि गएको जनाएको छ। यहाँ अहिलेसम्म ४६ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका छन्, भने ३५ हजार आठसय ६५ को ज्यान गएको छ। यहाँका स्वास्थ्य अधिकारीले पछिल्ला केही हप्तायता सङ्क्रमितको सङ्ख्या बढेको र अस्पताल भर्ना हुने पनि बढेका जनाएका छन् ।

यहाँका अधिकारीले मलेसियामा अहिले पनि ४२ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका भन्दै स्वास्थ्यका मापदण्ड अपनाउन भनेका छन् ।

# जापानसँग सम्बन्ध सुधार गर्ने कोरियाली चाहना



सिन्ह्वा

टोकियो/सोल । दक्षिण कोरियाले जापानसँग सम्बन्ध सुधार गर्न चाहेको बताएको छ। दक्षिण कोरियाका विदेशमन्त्री पार्क जिनले जापानका प्रधानमन्त्री फुमियो किशिदालाई आज भेटेर राष्ट्रपति युन सुक्योलको उक्त चाहना व्यक्त गरेका हुन् ।

जापानी प्रधानमन्त्री र दक्षिण कोरियाली विदेशमन्त्रीबीच द्विपक्षीय सम्बन्धका विविध विषयमा विचारविमर्श भएको तथा द्विपक्षीय सम्बन्धलाई सुधार्ने प्रयास गरिएको विदेशमन्त्री पार्कले पत्रकारहरूलाई बताए । युद्धकालका श्रम र यौन दासत्वका साथै व्यापारका विषयमा पनि आफूहरूबीच छलफल भएको उनले जनाए ।

मङ्गलबार पार्कले जापानी विदेशमन्त्री योशिमासा हयाशीसँगको भेटवार्तामा सम्बन्ध पुनःस्थापनामा जोड दिएका थिए । सन् १९१०-१९४५ मा कोरियाली प्रायद्वीपमा जापानको आधिपत्य रहेका बेला श्रम गर्न बाध्य भएका कोरियालीहरूसँग सम्बन्धित मुद्दाहरूको शीघ्र समाधानका निम्ति दुवै पक्षले सहमति जनाएका थिए।

दोस्रो विश्वयुद्धमा जापानी सेनाले कोरियालीसहित अन्य एसियाली देशका हजारौं केटी र महिलालाई अपहरण गरेर यौनदासी बनाएका थिए।

यौन दासत्व स्वीकार गर्न बाध्य भएका महिलाले न्याय पाउनुपर्नेमा कोरियाले जोड दिँदै आएको छ । कैयौं यौनदासीको न्याय नपाइ मृत्यु भइसकेको छ।

# विश्व युवा विकास मञ्च चीनमा आयोजना हुने

सिन्ह्वा

बेइजिङ । विश्व युवा विकास मञ्च जुलाई २१ देखि २३ तारिखसम्म अनलाइन र अफलाइन माध्यमबाट चीनमा आयोजना हुने भएको छ।

सम्मेलनमा १०० भन्दा बढी देशका करिब दुई हजार युवा प्रतिनिधिहरू सहभागी हुने कार्यक्रम आयोजकले जनाएको छ। अखिल चाइना युथ फेडेरेसनको पहलमा यो फोरमले रोजगारी र उद्यमशीलता, जलवायु परिवर्तन र हरित विकास, डिजिटल अर्थतन्त्र र उच्च गुणस्तरीय शिक्षा जस्ता विषयहरूमा छलफल गर्नेछ।

फोरमको मुख्य उद्देश्य विभिन्न विषयहरू समेटेर विश्वव्यापी विकास साझेदारी निर्माण गर्ने रहेको छ।

फोरमको "साझेदारी भविष्यका लागिः युवा र युवाका लागि दिगो विकासको प्रवर्द्धन" शीर्षकमा मुख्य भाषण, गोलमेज छलफल, केस स्टडी र अनलाइन छलफलहरू गर्नेछ।

# युरोपेली सङ्घ-चीन व्यापार वार्ता



एएनआई

बेइजिङ । युक्रेन युद्धलाई लिएर युरोपमा तनाव जारी रहेका बेला चीन र युरोपेली सङ्घबीच व्यापार वार्ता हुँदैछ।

सिनजियाङमा मानवअधिकारका मुद्दालाई लिएर सशङ्कित बनेको सङ्घले अर्थतन्त्र र व्यापारका विषयलाई केन्द्रमा राखेर बेइजिङसँग उच्चस्तरीय वार्ता गर्न लागेको हो ।

यो बैठक गत अप्रिलमा तनावपूर्ण सङ्घ-चीन शिखर सम्मेलनपछि आज हुनलागेको हो । बैठकको मिति निर्धारण गर्न महिनौंसम्म प्रयास भएको थियो।

शिखरवार्ताका क्रममा सहमति नहुँदा संयुक्त वक्तव्य सार्वजनिक भएको थिएन जुसले सम्बन्ध चिसिएको सङ्केत गर्दछ । युक्रेन मुद्दामा पनि सङ्घ र चीनबीच मतभिन्नता छ । मानवअधिकार र युक्रेन युद्धलाई लिएर चीनले छलफल गर्न चाहेको छैन ।

युक्रेनमा रूसले सैन्य कारबाही सुरु गरेदेखि नै सङ्घले तत्काल युद्धविराम गर्न तथा त्यस निम्ति मस्कोसँग आफ्नो प्रभाव प्रयोग गर्न चीनलाई आह्वान गर्दै आएको छ । चीनले मस्कोलाई सैन्य सहायता गर्नुहुँदैन भन्ने पक्षमा सङ्घ छ ।

यसैबीच, युरोपेली आयोगका कार्यकारी उपाध्यक्ष वाल्डिस डोम्ब्रोभस्किसले चीनका उप-प्रधानमन्त्री लिउ हेसँगै बैठकको सह-अध्यक्षता गर्न तत्पर रहेको बताएका छन् ।

आजको बैठकमा द्विपक्षीय मामिलाका साथै क्षेत्रीय एवम् अन्तराष्ट्रिय चासोका विषयमा पनि छलफल हुनेछ ।

# 'नैतिकताका धरोहर मण्डेलाको सम्मान गरौं'

एएनआई/सिन्ह्वा

न्यूयोर्क । संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरसले अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मन्डेलालाई 'नैतिकता धरोहर' का रूपमा चित्रण गर्दै उहाँले छाडेर गएको विरासतको सम्मान गर्न आह्वान गरेका छन् ।

"नेल्सन मण्डेला समुदायका समस्या समाधान गर्ने क्षमता भएका महान् व्यक्ति हुनुहुन्थ्यो, उहाँमा हामी सबैको समुज्ज्वल भविष्य निर्माण गर्ने क्षमता र जिम्मेवारीबोध थियो," महासचिव गुटेरसले नेल्सन मण्डेला अन्तराष्ट्रिय दिवसका अवसरमा उहाँप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै भनेका छन् ।

युद्ध, द्वन्द्व, जातिवाद, भेदभाव, गरिबी, असमानताले पिरोलिएको संसार विश्वमा जलवायु प्रकोपले थपेको चुनौतीको सामना गर्न मण्डेलाका दर्शन र प्रेरणा आज पनि उत्तिकै उपयोगी हुने अभिमत उनले जाहेर गरे ।

न्यायपूर्ण समाज निर्माण तथा मानवताको प्रवर्द्धनमा मण्डलाले गरेको योगदान सधैं स्मरणीय रहने उनले बताए ।

# ग्यास विस्फोट ११ जना घाइते, ३ बेपत्ता

सिन्ह्वा

तियान्जिन । उत्तरी चीनको तियान्जिनमा रहेको अपार्टमेन्ट भवनमा भएको ग्यास विस्फोटमा परी मङ्गलबार ११ जना घाइते भएका छन् भने तीन जना बेपत्ता भएका छन् ।

बेचेन जिल्लास्थित उक्त भवनमा बिहान ७ः१५ बजे भएको उक्त विस्फोटबाट भवनमा क्षति पुगेको छ । जिल्ला सरकारको प्रचार विभागका अनुसार पीडितहरूको शरिरमा चोट लागेको छ यद्यपि तिनीहरू खतरामुक्त भएको बताइएको छ। उद्धार कार्य भइरहेको छ ।



# भारतमा विपक्षीद्वारा उपराष्ट्रपतिमा उम्मेदवारी दर्ता



एएनआई

नयाँ दिल्ली । भारतमा विपक्षी दलहरूको तर्फबाट उपराष्ट्रपतिका लागि उम्मेदवारी दर्ता भएको छ । निर्वाचन आयोगले मार्गरेट अल्भाको उम्मेदवारी दर्ता भएको पुष्टि गरेको छ। उहाँलाई विपक्षी दलहरूको समर्थन रहेको जनाइएको छ।

उहाँले उम्मेदवारी दर्ता गर्ने बेलामा कांग्रेसका पूर्व अध्यक्ष तथा सांसद राहुल गान्धी, नेता मल्लिकार्जुन खड्गे, एनसीपी प्रमुख शरद पावर लगायतका विपक्षी दलका नेताहरूको उपस्थिति रहेको थियो । राजस्थानका पूर्व गभर्नर तथा पूर्व केन्द्रीय मन्त्री अल्भालाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय विपक्षी दलहरूले आइतवार गरेका हुन् । विपक्षी दलहरूले आफूहरूको साझा उम्मेदवारको रुपमा उहाँलाई अगाडि सारिएको बताएका छन्।

अल्भालाई उम्मेदवार बनाउने बारेमा विपक्षी पार्टीहरूका बीचमा कुनै विवाद नभएको र उहाँ सर्वसम्मत उम्मेदवार हुनु भएको नेता पावरले जानकारी दिनुभयो । उपराष्ट्रपतिका लागि विपक्षीहरूको साझा उम्मेदवार छनौट गर्न उहाँके निवासमा विपक्षी दलका शीर्ष नेताहरूको बैठक बसेको थियो ।

आगामी अगस्ट ६ मा हुने उपराष्ट्रपति चयनको निर्वाचनका लागि मङ्गलबार उम्मेदवारी दर्ताको अन्तिम दिन तोकिएको थियो । वर्तमान उप राष्ट्रपति वेङ्कैया नायडुको कार्यकाल यही अगस्ट १० मा सकिने भएकाले नयाँ उपराष्ट्रपति चयनका लागि निर्वाचन हुन लागेको हो । उपराष्ट्रपति चयनका लागि यसअघि सन् २०१७ मा निर्वाचन भएको थियो।



स्याङ्जाको कालीगण्डकी गाउँपालिका-४ बिर्घा पुछारमा सयपत्री कर्मा ५ सय ५५ जातको फूलको भर्खरै उम्रेका बेर्नाहरु। तस्बिर : रासस

# उल्लेखनीय वित्तीय प्रगतिमा जिकिर गरिए पनि किसान भने बेखुसी

काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ७६ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जिकिर गरेको छ। आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा मन्त्रालयले सो जिकिर गरेको हो।

मन्त्रालयले ७६ प्रतिशत वित्तीय प्रगति हासिल गर्दै गर्दा किसान भने बेखुसी देखिन्छन् । रोपाइँ गर्ने मौसममा रासायनिक मल पाउन नसकेकै कारण उनीहरु बेखुसी भएका हुन् । असार महिनामा मात्र किसानलाई झन्डै तीन लाख मेट्रिकटन रासायिनक मल आवश्यक पर्छ । यो अवधिमा सरकारले दुइलाख १८ हजार मेट्रिकटन अनुदानको मल बिक्री भइसकेको जनाएको छ । अघिल्लो आर्थिक वर्षको असार २८ सम्म देशभर ६८ प्रतिशत रोपाइँ सम्पन्न भएकामा चालु आवको सोही अवधिमा आठ प्रतिशतले कम भई ६० प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको मन्त्रालयल जनाएको छ।

नेपाली किसानका लागि कूल १२ लाख मेट्रिकटन रासायनिक मल आवश्यक पर्छ। उक्त मन्त्रालयका कृषि विकास सचिव गोविन्दप्रसाद शर्माले भन्नुभयो, “सरकारले पाँच लाख मेट्रिकटन र निजी क्षेत्रले सात लाख मेट्रिकटन रासायनिक मल खरिद गर्ने गर्छन् ।”

असार महिनाको अन्त्यसम्ममा किसानले रासायनिक मल पाउन नसकेका कारण रोपाइँ उत्साहजनक नभएको कृषि विभागले स्वीकार गरेको छ । नेपालमा वर्षे रोपाइँ साउन महिनासम्म गरिन्छ । गत वर्षको साउनमा ९७ प्रतिशत रोपाइँ भएको थियो।

मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा १३ कार्य सफलतापूर्वक कार्य सम्पादन गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो । नीतिगत तथा कानुनी व्यवस्था, विभिन्न बाली वस्तुको मूल्य निर्धारण, बेमौसमी वर्षाबाट असर परेका कृषकलाई राहात तथा समन्वय, रासायनिक मल आयात र विक्री, गुणस्तर नियमन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्राविधिक सम्प्रेषण, नश्ल सुधार, खोप उत्पादन तथा व्यवस्थापन, पशुपन्छी, मत्स्य तथा बाली बीमा, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको निर्यात प्रवर्द्धन, कृषि पूर्वाधार विकास र किसान सूचीकरण रहेका छन्।




मन्त्रालयलयबाट बीउबिजन ऐन २०४५ र बिरुवा संरक्षण ऐन २०६४ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रमाणीकरण भएको छ। बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ राष्ट्रिय पशु स्वास्थ्य र पशु प्रजनन नीति,२०७८ स्वीकृत भएको छ।

त्यसैगरी राष्ट्रिय मत्स्य विकास नीतिको मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको र खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७९ विधायन समितिमा छलफल भई राष्ट्रियसभामा पेश भएको छ । पशु कल्याण, पशु सङ्क्रामक रोग नियन्त्रण, कृषि व्यवसाय प्रवर्द्धन विधेयकको मस्यौदा कानुन आयोगमा छलफल भई अघि बढेको मन्त्रालयले जनाएको छ।

चालु आर्थिक वर्षका लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु दुई हजार ७५२ र मध्यम धानको मूल्य रु दुई हजार ९०२ निर्धारण गरिएको छ । कृषकबाट धान खरिद गरिने कार्यलाई सुनिश्चित गर्न कृषक समूह र सहकारीलाई सूचीकृत गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई निर्देशन दिइएको छ।

आव २०७८/०७९ मा न्यूनतम समर्थन मूल्यमा सहकारीबाट आठ हजार ९२ मेट्रिकटन धान खरिद भएको थियो । उखु कृषकको हितका लागि गत वर्षको तुलनामा ऊखुको न्यूनतम खरिद मूल्यमा आठ दशमलव शून्य चार पाँच प्रतिशतले वृद्धि गरी रु ५९० प्रति क्विन्टल निर्धारण गरिएको थियो।

निर्धारित मूल्यको आधारमा आव २०७७/०७८ का लागि आठ जिल्लाका उखु किसानलाई उखु प्रवर्द्धन खर्चबापत रु ७७ करोड ५६ लाख सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत ९९ प्रतिशत भुक्तानी भइसकेको छ।

आव २०७८/०७९ मा क्रसिङको विवरणको आधारमा चार जिल्लाका कृषकलाई थप रु ३२ करोड उपलब्ध गराइएको र कफीलाई गुणस्तरका आधारमा वर्गीकरण तथा कृषकको मुनाफा सुनिश्चित हुने गरी वर्गीकरणको आधारमा प्रतिकेजी रु ८० देखि रु ४५० सम्म मूल्य निर्धारण गरिएको छ।

बेमौसमी वर्षाबाट पीडित किसानलाई रु एक अर्ब निकासा गरिएको छ । खाद्य ऐन २०२३ अनुसार तीन हजार ८९५ खाद्यवस्तुको नमूना परीक्षण र ४९ हजार ९५० खाद्य वस्तुको गुण प्रमाणीकरण गरिएको, तरकारी तथा फलफूलमा रहन सक्ने विषादी अवशेष सात नाकाबाट परीक्षण गर्ने व्यवस्था मिलाइएको, तयारी दाना, दानाको कच्चा पदार्थ, फिड, सप्लिमेन्ट र घाँसका चार हजार ११६ नमूना सङ्कलन तथा परीक्षण गरिएको छ।

व्यावसायिकरुपले चल्ला उत्पादनका लागि बीउ पन्छी सात लाख ८१ हजार ७५८ चल्ला आयात गर्न सिफारिस दिइएको, खाद्य ऐन २०२३ बमोजिम सङ्कलित नमूनाबमोजिम ७१ थान मुद्दा दायर गरिएको, एक हजार १११ हेक्टर क्षेत्रफलमा चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन भएको, १४ वटा कस्टम हायरिङ र दुई पोष्ट हार्भेष्ट सेन्टर स्थापना गरिएको, ४४२ कृषकका छोराछोरीलाई कृषि इन्टर्नका रुपमा परिचालन गरिएको, दुई हजार ४९५ कृषकलाई कृषि प्रविधि एवं जलवायुसम्बन्धी १९ लाख ९८ हजार ६०० सन्देशमार्फत सूचना प्रवाह गरिएको छ। धानका छ जात क्रमशः बासमती, १६ हर्दिनाथ-४ हर्दिनाथ-६ गङ्गा सागर-२, घैया-३, चौमासे सिमीको परवानीपुर र सेलेक्सन, मकैका रामपुर हाइब्रिड-१२, रामपुर हाइब्रिड-१४ र रामपुर हाइब्रिड काँक्रोको दुई वर्णशङ्कर जातका पञ्जीकरण दर्ताको लागि सिफारिस भएको छ।

रैथाने छ पशुबस्तुका जिन बैंकको अवधारणाअन्तर्गत संरक्षण तथा प्रवर्द्धन भइरहेको, नस्ल सुधारअन्तर्गत छ लाख ४० हजार गाई भैँसीमा कृत्रिम गर्भाधान गरिएको र उन्नत नस्लका गाई, भैँसी, बाख्रा र बङ्गुरबाट छ लाख ५९ हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण गरिएको छ।

तीन करोड ५१ लाख ३६ हजार माछाका भुरा उत्पादन तथा वितरण, अमेरिकाबाट शुद्ध नश्लका जर्सी र होलस्टिन साँढे आपूर्ति गरिएको, पशुपन्छीका विभिन्न सङ्क्रामक रोगविरुद्ध प्रयोगका लागि १३ प्रकारका पाँच करोड १७ लाख खोप उत्पादन तथा वितरण भएको, पशुपन्छी तथा मत्स्य बीमा प्रिमियमको अनुदानबापत रु २४ करोड भुक्तानी गरी करिब रु ३९ अर्ब रकम बराबरको बाली तथा पशु बस्तुको सुरक्षण बीमा गरिएको छ।

नेपालमा दूधबाट उत्पादित रु दुई अर्ब ५८ करोड बराबरको छुर्पी जापान, अमेरिका र युरोपियन मुलुकमा निर्यात भएको, चितवनको रत्ननगरमा पशु हाटबजार निर्माण गरिएको, तराईका विभिन्न आठ जिल्लामा डिप ट्युबबेल निर्माण भई थप १००० हेक्टरमा सिँचाइ सुविधा विस्तार भई हालसम्म छ लाख ५० हजार किसान परिवार सूचीकरण गरिएको मन्त्रालयले जनाएको छ।

# असारमा मात्रै सवा दुई अर्ब खर्च

बलेवा । बागलुङमा गत असार महिनामा मात्रै रु दुई अर्ब १५ करोड खर्च भएको छ । जिल्लास्थित सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले मात्रै उक्त खर्च गरेका हुन्।

असारमा मात्रै चालुतर्फ रु एक अर्ब एक करोड ९५ लाख ५५ हजार खर्च भएको छ। यो कूल विनियोजनको भएको बजेटको १२.४६ प्रतिशत हो। असारमा मात्रै यहाँका सरकारी कार्यालयले रु एक अर्ब २४ करोड ८४ लाख खर्च गरेका छन्। कूल विनियोजित रु दुई अर्ब ७४ करोड एक लाख मध्ये ३४.२८ प्रतिशत बजेट असारमा मात्रै खर्च भएको छ।

पछिल्लो ११ महिनामा ४१.७२ प्रतिशत मात्रै पुँजीगत खर्च गरेका कार्यालयले असारमा मात्रै उक्त खर्च गरेका हुन्। पूँजीगत शीर्षकको बजेटको ठूलो मात्रा असारमा खर्च गर्ने प्रवृतिमा अझै सुधार आउन सकेको छैन।

कार्यालहरुबाट खर्च भएको तथ्याङ्कलाई हेर्दा चालु आवमा ८८.७५ प्रतिशत खर्च भएको छ। चालुतर्फ ९४.४५ प्रतिशत र पुँजीगततर्फ ७५.२८ प्रतिशत बजेट खर्च भएको हो। गत आवमा जिल्लामा कूल ८७.८५ प्रतिशत खर्च भएको थियो। गत वर्ष ८३.०७ प्रतिशत पुँजीगत खर्च गरेका कार्यालयले ९०.३१ प्रतिशत चालु आवमा खर्च गरेका थिए।

अघिल्लो बर्षको तुलनामा चालु खर्च बढेको भए पनि पुँजीगत खर्चमा भने कमी आएको छ।

जिल्लास्थित सङ्घीय सरकारअन्तर्गत कार्यालयले भन्दा प्रदेश सरकारअन्तर्गत कार्यालयको पुँजीगत खर्च अनुपात उल्लेख्य रहेको छ। असार मसान्तसम्म सङ्घीय सरकारको ५८.२५ प्रतिशत पुँजीगत खर्च हुँदा प्रदेश सरकारको ८७.७४ प्रतिशत पुँजीगत खर्च भएको छ । सङ्घीयतर्फ पुँजीगत शीर्षकमा रु एक अर्ब, ५४ करोड २६ लाख विनियोजन भएकामा रु ८९ करोड ८५ लाख खर्च भएको छ। असारमा मात्रै रु ३३ करोड ७३ लाखभन्दा बढी खर्च भएको छ। रासस

# बागलुङमा चिया उत्पादनको तयारी



गलकोट । तीन वर्ष पहिले बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा लगाएको चिया टिप्नका लागि ठिक्क पारिएको छ । सुरुमा १० हजार चियाको बोट लगाइएको उक्त स्थानमा अहिले ५६ हजार चियाका बोट छन्। उक्त स्थानमा तीन वर्ष लगाएर ६७ रोपनी जग्गामा चियाखेती थालिएको हो। पहिलो वर्ष लगाएको चियाको बोट काटछाँट गरेर टिप्नका लागि तयारी अवस्थामा छन्।

रेशलाई चिया उत्पादनको ‘हब’ बनाउनका लागि चियामात्रै होइन, बिरुवासमेत उत्पादन गर्ने योजना वडा कार्यालयको छ। रेशले एक वर्षभित्र चियामात्रै होइन, चियाका बिरुवासमेत निर्यात गर्ने काठेखोला गाउँपालिका-७ का वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो।

“रेशमा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँमा समेत समावेश छ, बिरुवा लगाउनका लागि यही परियोजनाले सहयोगसमेत गरेको छ”, उहाँले भन्नुभयो, “तीन वर्षमै उत्पादनको चरणमा आउला भन्ने सोचेकै थिएनौँ, अहिले पहिलोपटक लगाएका १० हजार चियाका बोटले उत्पादन दिन थालेका छन्, हामीले रेशमै ग्रिन चिया उत्पादन गरेर बिक्री गर्ने लक्ष्य लिएका छौँ भने चिया प्रशोधन औजारसमेत आइसकेको छ, हामीले प्राविधिकको आवश्यक परामर्शपछि चिया टिपेर प्रशोधन गर्न थाल्नेछौँ”, वडाध्यक्ष लामिछानेले मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँमार्फत चियाका बिरुवा उत्पादनका लागि नर्सरीसमेत तयार भइसकेको बताउनुभयो।

अहिले चिया प्रशोधन केन्द्र स्थापना र बिरुवा उत्पादनका लागि नर्सरी व्यवस्थापन भने स्थानीय रेश साना किसान कृषि सहकारीमार्फत भइरहेको छ। चियाका मुना तयार भइसकेको र चिया प्राविधिकको सल्लाहमा पहिलोपटक परीक्षणका लागि चिया टिपेर प्रशोधन गर्ने रेश साना किसान सहकारी संस्थाका अध्यक्ष यामबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँले जिल्लामा पहिलोपटक चिया उत्पादन गर्ने तयारीमा आफूहरू रहेको बताउँदै आगमी वर्षदेखि थप चियाका बोटले समेत उत्पादन दिँदै जाने बताउनुभयो।

“यो वर्ष चियाको उत्पादन परीक्षण हुनेछ, चिया टिप्न तयारी अवस्थामा छौँ, तीन वर्षमै चिया दिन थालेपछि यहाँका स्थानीयवासी चियाखेतीतर्फ आकर्षित हुन थालेका छन्, बर्सेनि चियाका बिरुवा थप्दै जाने र उत्पादनसमेत बढ्दै जानेछ, आगमी तीन वर्षपछि ५६ हजार बिरुवाले नै चिया उत्पादन दिन थाल्नेछन् भने त्यत्तिकै मात्रामा नयाँ बिरुवा थपिनेछन्”, अध्यक्ष कार्कीले भन्नुभयो, “चियाको बिरुवा जति झाङ्गिँदै गयो त्यति नै उत्पादन वृद्धि हुने अपेक्षा छ, चिया प्रशोधन औजार आइसकेको छ भने चियाका बिरुवा उत्पादनका लागि टर्नेल स्थापना गरिसकेका छौँ, अब बिरुवा उत्पादन गरेर रेशमा रहेको सबै खाली जग्गामा लगाउनेमात्रै छैनौँ निर्यातसमेत गर्नेछौँ।”

आर्थिक वर्ष २०७८/७९ मा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँअन्तर्गत प्राप्त रु नौ लाख ५० हजारले चिया प्रशोधन औजार र नर्सरीका लागि टर्नेल निर्माण गरेको उहाँको भनाइ छ। हालसम्म रेशलगायत सिगाना र धम्जामासमेत ताराखोलास्थित गोल्डेन टि स्टेटमा उत्पादन भएको बिरुवा लगाउँदै आएकामा अबदेखि रेशमै बिरुवा उत्पादन गरिने छ।

तीन वर्षअघि रेशको जनकल्याण आधार भूत विद्यालयको जग्गा र बौरको खाली जग्गामा चियाखेती थालिएको थियो। रेशमा चियाको राम्रो सम्भावना देखिएपछि सार्वजनिक जग्गामा मात्रै नभएर यहाँका व्यक्तिगत जग्गालाई समेत उपयोगमा ल्याउने वडा कार्यालयको लक्ष्य छ।

चियाखेतीका लागि उच्च पहाडी र भिरालो जमिन उपयुक्त हुने भएका कारण पहाडी क्षेत्रमा चियाखेतीतर्फको आकर्षण बढ्दो देखिए पनि रेशले आफूलाई व्यावसायिक बनाउँदै लगेको छ। रेशले भन्दा पहिला बागलुङ नगरपालिकाले वडा नं ८ सिगानामा चियाका बिरुवा लगाए पनि स्थानीयवासीले सक्रियता नजनाउँदा बिरुवा बढाउन सकेको छैन।

जिल्लामा छ वर्षअघिदेखि व्यावसायिक चियाखेती थालिएको हो । पूर्वऊर्जा राज्यमन्त्री रामजीप्रसाद शर्मा, गण्डकी प्रदेशसभा सदस्य इन्द्रलाल सापकोटालगायतको अगुवाइमा साविकको अमरभूमि गाविसको सिरबारेमा गोल्डेन टि स्टेट कम्पनीमार्फत व्यावसायिक चियाखेती थालिएको छ।

कम्पनीले ताराखोला गाउँपालिका-१ सिरबारेमा ५६२ रोपनी जग्गामा चियाखेती थालेको छ भने बिरुवा उत्पादन गरेर बिक्रीसमेत गर्दै आएको छ । परीक्षणका लागि ग्रिन टि उत्पादन गर्दै आएको कम्पनीले समेत चिया प्रशोधन औजार खरिद गरिसकेको छ । कम्पनीले छिट्टै चियाको व्यावसायिक उत्पादन थाल्ने योजना बनाएको छ।

समुद्री सतहबाट एक हजार ८०० मिटरदेखि दुई हजार ३०० मिटरसम्मको उचाइमा चियाखेती राम्रो हुने चिया प्रविधिज्ञ बताउँछन् । माटोको अवस्था, चिस्यान, भिरालो जग्गा तथा हावा नछेक्ने खुला भू-बनोटमा चियाखेती फस्टाउने गरेको छ।

## सुनचाँदीका मूल्यमा सामान्य गिरावट

काठमाण्डु। सुनचाँदी बजारमा मंगलबार छापावाल सुनको मूल्य प्रतितोला ९३ हजार ८०० तोकिएको छ। अघिल्लो दिन प्रतितोला रु ९४ हजारमा कारोबार भएको सुन आज प्रतितोला रु २०० ले घटेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार मंगलबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९३ हजार ३०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९३ हजार ५०० थियो।

त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार १ सय ६० तोकिएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ।रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक दोहोरो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६.२७ अङ्कले उकालो लागेर दुई हजार ४५.६९ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७७ अङ्कले उकालो लागेर ३९१.५३ मा पुगेको छ। कूल २१३ कम्पनीको ५७ लाख १३ हजार २४८ कित्ता शेयर रु दुई अर्ब २९ करोड ९३ लाख १६ हजार ३२६ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ। बैंकिङ ६.५६, व्यापार ३२.४७, होटल तथा पर्यटन २७.४१, विकास बैंक ४१.५८, जलविद्युत् १५.९५, वित्त ४४.२, निर्जीवन बीमा ७२.६, उत्पादन ६४.१९, अन्य ३.१८, लघुवित्त ८१.६२, जीवन बीमा ८०.२२, सामूहिक लगानी कोष ०.०१ र लगानी ०.३५ अङ्कले उकालो लागेको छ।

मंगलबारको कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब २१ अर्ब ३५ करोड ३४ लाख ९५ हजार ४६२ बराबर रहेको छ। कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १५ करोड ९७ लाख ७१ हजार ३३७ बराबरको कारोबार भयो। एभरेष्ट बैंक रु १० करोड पाँच लाख २६ हजार ६२३, हिमालयन डिस्टिलरी रु आठ करोड ४८ लाख ३६ हजार ६३७, एनआइसी एशिया बैंक रु छ करोड ८८ लाख र अरुण काबेली पावर रु पाँच करोड ९४ लाख २२ हजार ८४४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पन सफल भए।

नेप्सेका अनुसार, इमर्जिङ नेपाल ८.०१, गणपति लघुवित्त ६.९४, ग्रीन भेञ्चर्स ५.५४, आइसीएफसी फाइनान्स ५.२७ र गुह्यश्वरी मर्चेन्ट बैंकका लगानीकर्ताले ४.८१ प्रतिशतले कमाएका छन् । त्यस्तै, सिभिल बैंकको ऋणपत्र ७.७५, ग्लोबल आइएमई बैंकको ऋणपत्र ५.७०, सनराइज बैंकको ऋणपत्र ३.९१, आरबीबी म्युचुअल फण्ड एक ३.२७ र तारागाउँ रिजेन्सी होटलका लगानीकर्ताले ३.२६ प्रतिशतले गुमाए।रासस

# वाणिज्य बैंकहरूको निक्षेप १० प्रतिशतले बढ्दा कर्जामा १४ प्रतिशतको वृद्धि

काठमाण्डु । गत आर्थिक वर्ष २०७८/७९ मा वाणिज्य बैंकहरूको निक्षेपमा १०.४४ प्रतिशतको वृद्धि हुँदा कर्जा लगानी भने १४.३९ प्रतिशतले बढेको छ।

हाल सञ्चालनमा रहेका २६ वटा वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७७/७८ मा ४१ खर्ब १२ अर्ब निक्षेप संकलन गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा भने ४५ खर्ब ४१ अर्ब निक्षेप संकलन गरेका हुन् । अघिल्लो पटक ३६ खर्ब ४९ अर्ब रूपैयाँ कर्जा लगानी गरेका बैंकहरूले ४१ खर्ब ७४ अर्ब कर्जा लगानी गरेका हुन्।




सबैभन्दा धेरैले निक्षेप र कर्जा लगानी बढाउनेमा नबिल बैंक देखिए पनि नेपाल बंगलादेश बैंकसँगको मर्जरका कारण यस्तो वृद्धि देखिएको हो। नबिल बैंकको कर्जा लगानी ५०.२८ प्रतिशतले र निक्षेप ४४.५४ प्रतिशतले बढेको छ। बैंकले तीन खर्ब २९ अर्ब निक्षेप संकलन र तीन खर्ब नौं अर्ब कर्जा लगानी गरेको छ । त्यसपछि निक्षेप र कर्जा सबैभन्दा धेरैले बढ्नेमा एनसिसी बैंक छ। बैंकको निक्षेप करिब २८ प्रतिशतले बढेर एक खर्ब ४१ अर्ब रूपैयाँ पुगेको छ भने कर्जा पनि सोही दरमा बढेर एक खर्ब २६ अर्ब पुगेको हो।

रकमका आधारमा भने नबिलपछि सबैभन्दा धेरै निक्षेप एनआइसी एशिया बैंकको छ। बैंकको निक्षेप १.७६ प्रतिशतले घटेपनि दुई खर्ब ९४ अर्ब छ । यसअघि बैंकको निक्षेप तीन खर्ब थियो।

त्यस्तै, कर्जा लगानीमा नबिलपछि एनआइसी एशिया नै छ। बैंकको १.२८ प्रतिशतले कर्जा लगानी बढेर दुई खर्ब ६८ अर्ब पुगेको छ।

बैंकले गत आर्थिक वर्षको मध्यमा कर्जा थप बढाएको भएपनि असार मसान्तसम्म आइपुग्दा घटेको देखिन्छ। यसअघि सो बैंकले दुई खर्ब ७८ अर्बसम्म कर्जा लगानी पुऱ्याएको थियो।

# समयमा पानी नपर्दा भएन धान रोपाई

**टुडे समाचारदाता**

जनकपुरधाम । अन्नको भण्डार मानिएको मधेश प्रदेशमा यस वर्ष समयमा धान रोपाइँ हुन नसक्दा किसान चिन्तित भएका छन् । समयमा पानीपरेको भए मधेशका अधिकांश जिल्लामा रोपाइँ लगभग सकिनुपर्ने थियो । अहिलेसम्म करिब ५७ प्रतिशत खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ हुनसकेको जनाइएको छ ।

समयमा वर्षा नहुँदा प्रदेशको ४३ प्रतिशत खेत अझै बाँझो रहेको मधेश प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका बाली विकास अधिकृत मनिषकुमार पालले जानकारी दिए । अहिलेसम्म प्रदेशमा सबैभन्दा बढी सप्तरीमा ७५ प्रतिशत र सबैभन्दा कम पर्सामा ४२ प्रतिशत जग्गामा धान रोपाइँ भएको उनले बताए । गत असारको दोस्रो सातायता वर्षा नहुँदा पनि वैकल्पिक सिँचाइको प्रबन्ध मिलाएरै भए पनि किसानहरूले धान रोपाइँ गरिरहेको उनको भनाइ छ ।

उनका अनुसार बारामा ६०, सिरहा र सर्लाहीमा ५५ , रौतटहमा ५० , महोत्तरीमा ४५ र पर्सामा ४२ प्रतिशत मात्र धान रोपाइँ भएको छ । पर्सामा ५४ हजार ७३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार १३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । त्यस्तै सप्तरीमा कुल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा, सिरहामा कुल ७३ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको छ ।



त्यस्तै महोत्तरी जिल्लामा ६७ हजार ३५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ५ सय हेक्टरमा, बारामा ६२ हजार ८२३ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकामा ४६ हजार २० हेक्टरमा, रौतहटको ५३ हजार ५२० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकामा ३८ हजार १०० हेक्टरमा धानखेती हुने गरेको मन्त्रालयले जनाएको छ ।

यस्तै धनुषामा ७६ हजार ५३१ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा र सर्लाहीको ८४ हजार ६७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ७०० हेक्टरमा धान रोपाइँ हुन्छ ।

तर यस वर्ष ढिलो गरी धानको बेर्ना तयार भएको, ढिलाइ गरी धान रोपाइँ गर्ने प्रवृत्ति र समयमा वर्षा नहुनुको कारण अन्नको भण्डार मानिएको मधेश प्रदेशमा अपेक्षाकृत धान रोपाइँ हुन नसकेको अधिकृत पालले जानकारी दिए ।

लामो समयदेखि वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन् भने अधिकांश किसान अझै आकाशे पानीको प्रतीक्षामा छन् । एकातिर किसानले जेनतेन वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुदाँ रोपो सुक्न थालेको छ । ‘‘पान्नी तान्ने मोटर लगाएरै करिब एक बिघा जग्गामा धान रोपाइँ गरैं’, धनुषाधाम नगरपालिका-४ का किसान सुगम्बर यादवले भने-‘ वर्षा ठयाप्पै रोकिएपछि अहिले रोपिएको धानमा डढेलो लाग्न थालेको छ ।’ अब पनि केही दिन पानी नपरे रोपाइँ गरिएको धान नष्ट हुन्छ’, उनको चिन्ता छ ।

ठूलो मूल्य र परिश्रम गरेर रोपाइँ गरिएको धानबालीमा पानीकै अभावमा डढेलो लाग्दा आफूहरु चिन्तामा डुबेको किसानको भनाइ छ । सिँचाइका लागि कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले निर्माण गरेको पूर्वी र पश्चिमी नहर प्रणालीबाट सिरहा र धनुषाको करिब २५ हजार हेक्टर क्षेत्रमा मात्र सिँचाइको व्यवस्था पुगेको छ । तर लामो समयदेखि वर्षा रोकिएर कमला नदीमा पानीको सतह कम भएका कारण किसानलाई सिँचाइ गर्न समस्या भइरहेको कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवले जानकारी दिए ।

‘साधारणतया कमला नदीमा पानीको स्तर बढ्दा किसानलाई सिँचाइ गर्न सहज हुन्छ, तर अहिले नदीमा पानी नै छैन’, उनले भने-‘पूर्वी र पश्चिम नहर प्रणालीका कारण दुवै जिल्लातर्फ सिँचाइको पहुँच पुगेको त छ, तर वर्षा नै नभएपछि नदीमा पानी छैन, जसले गर्दा किसानलाई सिँचाइ गर्न समस्या भएको हो ।’

सिँचाइबाहेक मलखाद्य र कृषि मजदुरको अभावमा पनि बर्सेनि धानखेती प्रभावित हुँदै आएका छन् । एकातिर सिँचाइ अभाव अर्कोतिर आवश्यकतानुसार कृषि मजदुर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको किसानको गुनासो छ । यसरी सिँचाइ, मलखाद्य र मजदुर आभावमा मधेश प्रदेशमा धान रोपाइँ प्रभावित हुँदा भोकमरीको चिन्ता बढेको कृषिविज्ञको भनाइ छ । मधेशका जिल्लामा बर्सेनि भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ ।

# अझै बनेन कमला नदीको पुल

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्माण व्यवसायी कम्पनीका कारण सिरहाको औरही गाउँपालिका- १ स्थित गागन खोला पुल र निर्माण नसकिँदै भाँसिएको कमला नदीको पुल निर्माण नहुँदा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।



गागन खोलामा निर्माणाधीन पुल निर्माण व्यवसायीका कारण अलपत्र पर्दा वर्षायाममा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य बनेको स्थानीयवासी मुकेश यादवले बताए । हुलाकी सडक अन्तर्गत पूर्व बरियारपट्टीदेखि पश्चिम सदरमुकाम सिरहासम्मको सडकमा कालोपत्र सकिए पनि गागन खोलामा पुल निर्माण हुन नसक्दा सिरहाको एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । पुल निर्माण कार्य सुरु भएको झण्डै दुई वर्ष बित्न लाग्दासमेत १० प्रतिशत पनि काम हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

पुल नहुँदा काम विशेषले सदरमुकाम सिरहा बजार आवतजावत गर्ने सो क्षेत्रका स्थानीयवासी एकातिर खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएको र डाईभर्सनसमेत बगाएकोले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम बढ्ेको छ ।

उनले भने-‘पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर सदरमुकाम पुग्छन् भने कतिपयले घुमाउरो बाटोको प्रयोग गरी दिनभरि समय खर्चिएर सदरमुकाम पुग्ने गर्छन् ।’ करिब २० वर्षअघि सडक डिभिजन कार्यालयले सो खोलामा पुल निर्माण गरेको थियो तर पुल निर्माण सम्पन्न भएको १० वर्षपछि आएको ठूलो बाढीले पुलदेखि ३५० मिटर उत्तरको पूर्वी बाँध भत्काएर खोलाले साविकको पुलदेखि २०० मिटर पूर्वबाट धार बनाएर बग्न थालेपछि सो क्षेत्रका स्थानीयवासीको आवागमन कष्टकर बनेको छ ।

‘पहिलेको खोलामा पानी बग्न छोडेको छ त्यहाँको सुख्खा नदीमा पुल छ तर धार परिवर्तन गरी बगिरहेको खोलामा बाह्रैमहिना पानी बग्ने गरेको छ’, सिरहाको बरियारपट्टी गाउँपालिका-३ का महेश यादवले भने-‘सुख्खायाम त केही सहज हुन्छ, तर बाढीको समयमा दुई महिनासम्म त झन त्यहाँका स्थानीयवासीलाई आवतजावत गर्न गाऱ्हो हुन्छ ।’ हुलाकी राजमार्गको औरही खण्डमा गागन खोलाले बनाएको ती दुई वटै खोला निकै महत्वपूर्ण रहेको स्थानीयवासीको अनुभव छ ।

सो खोलामा हीराचन रोशन कन्ट्रक्सन प्रालीमार्फत रोशन कन्ट्रक्सनले पुल निर्माणको काम गर्दै आएको छ । तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणको काम कछुवा गतिमा बढ्दा स्थानीयवासी निराश बनेका छन् । ‘पुल निर्माणका लागि अहिलेसम्म पिलर मात्र ठ्याइएको छ’, औरही गाउँपालिका १ का शिवनाथ यादवले भने-‘कामको गति हेर्दा निर्धारित समयमा काम सम्पन्न हुने छाँटकाँट देखिदैन् ।’ पुल निर्माणलाई गति दिन आग्रह गर्दा पनि कुनै सुनुवाइ हुन नसकेको उनको गुनासो छ ।

सम्झौता अनुसार नै काम अघि बढाएको निर्माण कम्पनी रोशन कन्ट्रक्सनका साइट इञ्चार्ज दानालाल यादवले बताए । ‘सम्झौता भएर २०७७ पुस महिनादेखि पुल निर्माणको काम थालेका छौं’, इञ्चार्ज यादवले भने-‘ वर्षा सुरु भएपछि काम रोकिएको हो, वर्षा रोकिएपछि कात्तिक महिनापछि काम पुनः सुरु गर्ने छौं ।’ खोलामा कुनै बेला पनि ठूलो बाढी आउन सक्ने भएकाले पुलको काम अघि बढाउन नसकिएको उनको कथन छ ।

यस्तै निर्माण नसकिँदै भाँसिएको कमला नदीको पुल एक वर्षमा पनि पुनःनिर्माण नहुँदा सर्वसाधारण सास्ती बेहोर्न बाध्य भएका छन् । धनुषा र सिरहालाई जोड्ने कमला नदीको पुल निर्माण कार्य सम्पन्न नहुँदै गत २०७८ असार ३१ आएको बाढीले भासिएको थियो ।

भासिएको पुल पुनःनिर्माण नहुँदा निकै सास्ती भइरहेको भन्दै स्थानीयवासीले तत्काल पुनःनिर्माणको माग गरेका छन् । ‘‘निर्माण कम्पनीको लापरबाहीका कारण भासिएको पुल पुनःनिर्माण काम अझै सुरु हुन सकेको छैन्’ धनुषा कमला नगरपालिका-५ का सत्रुधन साहले भने-‘पुलको पुनःनिर्माण काम हुन नसक्दा चारपाङ्ग्रे गाडी सो मार्गमा चल्नै सकेको छैन्, दुई पाङ्ग्रे सवारी पनि जोखिमपूर्णरुपमा चलिरहेको छ ।’ सुख्खायाममा जेनतेन दुई पाङ्ग्रे सवारी चल्ने गरेपनि हल्का वर्षामा पनि पैदलयात्रुलाई समेत हिँड्डुल गर्न समस्या भइरहेको उनको भनाइ छ ।

बाढीका कारण पहिला पूर्वतर्फको ‘स्पर’ भासिएको थियो । त्यसको केही दिनपछि पश्चिमतर्फको स्पर पनि भासिएको थियो । ‘‘भासिएकामध्ये पूर्वतर्फको स्पर भत्काएर त्यतिकै छाडिएको छ’, सिरहा नगरपालिका-११ का कमलेश यादवले भने-‘जसका कारण मोटरसाईकल डुङ्गाको सहारामा वारपार भइरहेको छ ।’ कुल ४७० मिटर लामो पुल निर्माणका लागि २०६८ सालमै पप्पु-लुम्बिनी बिल्डर्सले ठेक्का लिएको थियो । सुरूमा सो कम्पनिले मात्र काम गरेको थियो । करिब ३५ प्रतिशत काम सकेर बाहिरिएपछि लुम्बिनी बिल्डर्सले बाँकी काम गरेको हो ।

पुल ४२ महिनामा निर्माण हुनुपर्नेमा झण्डै १० वर्षपछि मात्रै निर्माण पुरा भएको थियो । तर हस्तान्तरण नहुँदै भासिएपछि सो क्षेत्रका स्थानीयवासी निराश बनेका छन् । कमला नदीमा पुल निर्माण भएपछि खुसी भएका सो क्षेत्रका सर्वसाधारण पुल भासिएपछि भन्ने निराश बनेका छन् । ‘‘वर्षौंदेखि कष्टपूर्ण यात्रा गर्दै आएका थियौं’, कमला नगरपालिका-५ दुर्गानन्द यादवले भने-‘तर निर्माण सम्पन्न भएर हस्तान्तरण नहुँदै पुल भासिएपछि यतिबेला हाम्रो सपना चुँडिएको छ ।’

अब कहिले पुल बन्ला र सहज रुपमा यात्रा गर्ने हो भन्ने निश्चित नभएको उनको गुनासो छ । निर्माण कार्य सम्पन्न गरी हस्तान्तरणको तयारी भइरहेका बेला कमला खोलामा आएको बाढीले पुल भासिएपछि गुणस्तर र डिजाइनबारे छानबिन गर्न माग समेत उठ्दै आएको छ । डिजाइन गल्ती भएको र डिजाइन अनुसार काम नभएको भन्दै विभिन्न राजनीतिकर्मी, सङ्घ संस्था र प्रदेश सरकारले छानविनको माग गरेका छन् ।

# आश्रय दिन माग

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डुं उपमहानगरपालिकामा सडकमा रहेको कुकुरलाई आश्रय दिन माग गरिएको छ । असहाय गाई, बाछा संरक्षण अभियानले सडकमा रहेको कुकुरलाई आश्रय दिन माग गरेका छन् ।

आश्रय नदिई केही वडाध्यक्षले कुकुरको विषयमा दिएको अभिव्यक्तिप्रति अभियानका अध्यक्ष उत्तम पुडासैनीले आपत्ति जनाएका छन् । सामाजिक सदभाव भडकाउने अभिव्यक्ति दिएको भन्दै उनले वडाध्यक्षलाई कारवाही गर्न माग गरेका छन् ।

साथै उनले उचित स्याहार, आश्रय र आहारको ब्यवस्थाका गर्न तीनै तहको सरकारसँग माग गरेका छन् । संरक्षण अभियानले सडकमा अलपत्र रहेका करिव दुई सय गाई बाछालाई आश्रय दिलाएको दाबी गरेका छन् ।

# चीनले कब्जा गरेको भूमि फिर्ताको माग गर्दै मन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

काठमाण्डु । चीनले कब्जा गरेको भूमि फिर्ताको माग गर्दै राष्ट्रिय एकता अभियानले भूमि व्यवस्थामन्त्री शशि श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको छ ।



अभियानका केन्द्रीय अध्यक्ष विनय यादवसहितको टोलीले मंगलबार सिंहदरबारस्थित भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालयमा मन्त्री श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको हो । हालै गोरखाको चुमनुब्री गाउँपालिका-१ को रुइला नाकामा चीन सरकारले दुई देशीय समन्वय नगरी तारबार लगाएको समाचारहरूप्रति राष्ट्रिय एकता अभियानले मन्त्री श्रेष्ठलाई ध्यानाकर्षणसमेत गराएको छ ।

‘अन्तर्राष्ट्रिय कानून र मूल्यमान्यताको उल्लंघन गर्दै नेपाल-चीन सीमाको रुइलालगायतका विभिन्न क्षेत्रमा भइरहेको अतिक्रमण दुई देशबीचको मित्रताको अपमान मात्र नभई सम्पूर्ण नेपालको सार्वभौमसत्तामाथि नै ठाडो चुनौती हो ।’ अध्यक्ष यादवले ज्ञापनपत्रमा भनेका छन्, ‘चीनद्वारा नेपालको भौगोलिक अखण्डतामाथि पटक पटक हुने प्रहारको जति निन्दा गरे कम हुन्छ ।’

सुरुआती अवस्थामा नै नेपाल-चीन सीमामा हुने अतिक्रमणहरूविरुद्ध चालिएको कदमहरू प्रशंसनीय रहेको यादवले भनेका छन् । सरकारको सुरूआती कदमहरूले राष्ट्रवादी जनता उत्साहित भएपनि सरकारले गरेका कुटनैतिक प्रयासहरूको वावजुद पनि सीमा अतिक्रमण जारी हुनु दुःखद रहेको अभियानको ज्ञापनपत्रमा उल्लेख छ । सरकारबाट सीमा रक्षाका लागि गरिएको प्रयासहरूवाट अपेक्षित परिणाम हासिल हुननसक्दा नेपाली जनता पुनः दुखित र अधैर्य भएको अभियानले ज्ञापनपत्रमा भनेको छ ।

ज्ञापनपत्रमा भनिएको छ, ‘ हामी यस सरकारबाट सीमा अतिक्रमणबारे निर्णायक र कठोर कदम चालिने अपेक्षा राख्दै सरकारका हरेक कदमहरुमा अभियानको पूर्ण समर्थन र सहयोग रहने प्रतिबद्धता जनाउन यो ज्ञापनपत्र बुझाइएको अवगत गराउन चाहन्छौं ।

# कृषि मन्त्री विरुद्ध गृह जिल्लामा चर्को नाराबाजी

**टुडे समाचारदाता**

राजविराज । रोपाईको समय वित्न लाग्दा पनि मल खाद्यको व्यवस्था नगरेको तथा किसानको समस्या समाधान नगरेको भन्दै कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवको गृह जिल्ला सप्तरीमा प्रदर्शन भएको छ ।



मंगलवार जनमत पार्टीको आह्वानमा गाउँ गाउँबाट आएका किसानहरु सदरमुकाम राजविराजमा कृषि मन्त्री यादव विरुद्ध चर्को नाराबाजी गर्दै प्रदर्शन गरेका थिए । किसानको समस्या समाधान गर लगायतका नाराबाजी गर्दै जुलुश बजार क्षेत्रको परिक्रमा गरेको थियो ।

बजार क्षेत्र परिक्रमा पश्चात जिल्ला प्रशासन कार्यालय पुगी उनीहरुले प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम मार्फत प्रधानमन्त्रीलाई किसान संग सम्बन्धित विभिन्न १२ बूंदे माग सहितको ज्ञापनपत्र समेत बुझाएका छन् । जनमत पार्टीका जिल्ला इन्चार्ज ममता झा, केन्द्रीय सदस्य सुरेन्द्र शर्मा मधेशी, पूर्व जिल्ला संयोजक चन्देश्वर मण्डल किसान, युवा नेता रघुनन्दन यादव “लालु” लगायतको अगुवाईमा बुझाइएको ज्ञापनपत्रमा समय मै मल खाद्य र वीउ विजनको व्यवस्था, सिंचाईको व्यवस्था, सिंचाइ प्रयोजनका लागि विजुली निःशुल्क, कृषि उपजको सर्मथन मूल्य निर्धारण, किसानलाई पेन्शनको व्यवस्था गर्नु पर्ने उल्लेख गरिएको छ ।

यस्तै वेमौसमी हावाहुरी र वर्षाले बालीनालीमा भएको हानी नोक्सानीको क्षतिपूर्ति, किसानकार्डको व्यवस्था, किसानको समस्या समाधान गर्न उच्चस्तरीय समितिको गठन र किसान आन्दोलनका क्रममा झुटा मुद्दा लगाई पक्राउ परेकाहरुको मुद्दा खारेजी लगायतका माग पनि अघि सार्दै उक्त माग अविलम्ब सम्बोधन नगरिए थप सशक्त आन्दोलन गर्ने चेतावनी समेत ज्ञापनपत्र मार्फत दिइएको छ । ज्ञापनपत्र बुझ्दै प्रजिअ गौतमले तत्कालै प्रधानमन्त्रीको कार्यालयमा पठाई दिने प्रतिबद्धता जनाएका थिए ।

कोभिड-१९ को जोखिम पुन : देखा परेको छ ।

यसबाट बच्न र बचाउनः

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक मुख छोप्ने गरौं ।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं । समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# २१ औं स्थापना दिवस सम्पन्न

**टुडे समाचारदाता**

बारा । बाराको जीतपुर स्थित जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. ले आफनो २१ औं स्थापना दिवसको अवसरमा वतावरण हराभरा बनाउन फलफूलको विरुवा वितरण गरेको छ । सहकारीले आफनो सामाजिक उत्तरदायित्व अन्तर्गत सर्बसधारणलाई विरुवा वितरण गरेको सहकारी संस्थाका उपाध्यक्ष गणेशजी प्रसाद साहले जानकारी दिए ।



जनकल्याण सहकारी संस्थाले स्थापना दिवसको अवसरमा आँप ,लिचि,अम्बा ,कागती ,रक्त चन्दन लगायतको फलफूलको विरुवा सर्बसाधारणलाई निःशुल्क वितरण गरेको हो । फलफूलको विरुवा डिभिजन वन कार्यालय बाराको वन अधिकृत बिनोद सिँह र उपाध्यक्ष साहले वितरण गरेका थिए । डिभिजन बन अधिकृत सिँहले जलबायुमा आएको प्रतिकूल परिवर्तनको कारण मौसममा समस्या देखिएको बताए । उनले हावापानीलाई प्रत्यक्ष रुपमा सकरात्मक असर पार्ने तत्वहरुमा वनजङ्गल तथा रुखहरु भएको जानकारी दिए ।

अक्सिजन बिना कसैको अस्तित्व सम्भव नहुने भएकाले सबैले स्वच्छ अक्सिजन र हराभरा वातावरणकोलागि आफनो वरिपरि तथा खाली जग्गामा रुख (विरुवा) लगाउनकालागि सल्लाह दिए । औपचारिक कार्यक्रममा संस्थाका प्रबन्धक सन्तोष यादबले जनकल्याणको वित्तीय स्थितिको चित्रण गर्दै संस्थाले गर्दै आएको सामाजिक कार्यको बारेमा जानकारी दिएका थिए । कार्यक्रममा सहायक वन अधिकृत रामगणेश साह ,ललन राउत ,जवाहर प्रसाद कुर्मी ,गढीमाई साझेदारी वन उपभोक्ता समिति पथलैयाका सचिव सँजिता ठाकुर , जनकल्याण बहुउद्देश्यीय सहकारी संस्थाका सचिव कपिल देव प्रसाद यादब , विद्या महर्जन ,मुनि कुमारी न्यौपाने लगायतको सहभागिता रहेको थिया ।

# मधेश प्रदेशको पूर्वपश्चिम लोकमार्गमा सिसीटिभी

**टुडे समाचारदाता**

मलंगवा । पूर्वपश्चिम लोकमार्गका साथै बिपी लोकमार्गमा सिसीटिभीबाट निगरानी गर्न थालिएको छ । पथलैयास्थित मधेश प्रदेश ट्राफिक कार्यालयले सडकमा गुड्ने सवारी साधनलाई सिसीटिभीमार्फत निगरानी गर्न थालिएको हो ।

पूर्व-पश्चिम र लोकमार्गमा गुड्ने सवारी साधनको तीव्रतामा निगरानी गर्न सिसीटिभी प्रयोगमा ल्याइएको उक्त कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक नान्तीराज गुरुङले जानकारी दिए । उनका अनुसार सडकमा तीव्र गतिमा गुडेको सवारी साधनलाई निगरानी गर्न समस्या देखिएपछि सिसीटिभीको फुटेज प्रयोग गरी कारबाही सुरु गरिएको हो ।

मधेश प्रदेशको पाँच स्थानमा सिसीटिभी जडान गरिएको र सवारी साधनको गति सोहीअनुसार मापन गरिएको प्रहरी उपरीक्षक गुरुङले बताए । सवारी दुर्घटना न्यूनीकरण अभियानअन्तर्गत उक्त कार्यालय जिल्ला ट्राफिक प्रहरी कार्यालयको बारा, महोत्तरी, सिरहा र सप्तरीमा गरी पाँच स्थानमा सिसीटिभी विथ रडारगनसमेत जडान गरिएको छ ।

सिसी टिभीको जडानले दुर्घटना गरेर भाग्ने सवारी साधनको पहिचान खुल्न सजिलो हुनाका साथै तीव्र गतिमा सञ्चालित सवारी साधनलाई कारबाहीको दायरामा ल्याउन सहज भएको सप्तरी जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक कमलजङ्ग थापाले बताए ।

प्रायः जङ्गल क्षेत्रमा पर्ने हाइवे सडकखण्डमा सवारी साधनले दुर्घटना गरी भाग्नेलाई कारबाही गर्न र कुनै समस्यामा पर्नेलाई सिसीटिभीमार्फत निगरानी गर्न सजिलो भएको बारा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सुदर्शन थापाले जानकारी दिए । चालु आर्थिक वर्षको फागुनदेखि सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को परिच्छेद-३ को नियम १८ उपनियम ५ मा व्यवस्था भएभन्दा बढी गतिका सवारी साधनलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ बमोजिम कारबाही सुरु गरिएको र सिसीटिभीको फुटेजमार्फत त्यस्ता सवारी साधनलाई कारबाही गर्न झन सहज भएको सिरहा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक टुकेन्द्र श्रेष्ठले बताए ।

राडारगन र सिसीटिभीको माध्यमले बढी गतिका सञ्चालित यात्रुबाहक सवारी साधन, मोटरसाइकल र मालबाहक सवारी साधनलाई कारबाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी निरीक्षक उदयसिंह सिजापतिले उल्लेख गरे । उनका अनुसार तीव्र गतिले सडकमा गुडेको सवारी साधनलाई सिसीटिभी फुटेजमार्फत कारबाही गर्न सहज हुनाका साथै राजस्व पनि वृद्धि भएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८